सभ्यरूपमा चाडपर्व मनाऔं
- चाडपर्वमा तडकभडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं,
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं,
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं,
- सबैको चाडपर्व एवं संस्कृतिको सम्मान गरौं,
- चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
epratekdaily.com

जनहितमा जारी सन्देश
- अहिले लामखुट्टेबाट हुने डेङ्गु रोगको बिगबिगी छ ।
- हिलो, फोहर भयो भने लामखुट्टे हुर्कन्छ, समयमै चेत गरौं, घर-शहर सफा राखौं ।
- अविरल वर्षापछि चर्को घाम लाग्छ, रुखाखोकीको समस्या हुन सक्छ ।
- ताजा, प्रदूषणरहित खाद्यान्न मात्र प्रयोग गरौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ असोज २१ गते सोमवार // मूत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 October 07 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५०

## १२ वटा पालिकाको खाता सञ्चालन दुई पालिकाको अझै बाँकी

प्रस, वीरगंज, २० असोज/

पर्सा जिल्लाका १४ वटा पालिकामध्ये असोज २० गते आइतवारसम्म १२ वटा पालिकाको बजेट निकासा भएको छ भने अझै दुईवटा पालिकाको खाता सञ्चालनमा आउन सकेको छैन ।

कोष तथा लेखा नियन्त्रक कार्यालय, पर्साका मनीष गौतमले गत भदौ २३ गतेसम्म सखुवाप्रसौनी गापाको मात्र बजेट निकासा भएको र त्यसपछि असोज ४ गतेसम्म वीरगंज महानगरपालिका, पोखरिया नगरपालिका र पटेर्वासुगौली गापा गरी तीनवटा पालिकाको खाता सञ्चालनमा आएकामा अहिले १४ पालिकामध्ये पकाहामैनपुर र बहुदरमाई नपाबाहेक सबै पालिकाको खाता सञ्चालनमा आएको बताए ।

उनले असोज ११ गतेसम्म नौवटा पालिकाको खाता सञ्चालनमा आएको र त्यसपछि थप तीनवटा पालिका विन्ध्यवासिनी, जीराभवानी र कालिकामाईको खाता सञ्चालनमा आएको बताए ।

सरकारले दिने अनुदान सहयोग त्रैमासिकरूपमा कोलेनिकामार्फत पालिकाहरूको खातामा जान्छ तर मन्त्रालयले पर्सा जिल्लाका दुईवटा पालिकालाई अहिलेसम्म खाता सञ्चालनको सुविधा प्रदान गरेको छैन ।

ती दुईवटा पालिकाले अहिलेसम्म मन्त्रालयलाई नगर/गाउँ सभा गरेको विवरण अद्यावधिक गराएका छैनन् । असार ९ र १० गते पर्साका केही पालिकाहरूले नगर/गाउँ सभा सम्पन्न गरेका थिए । त्यसपछि असार मसान्त र भदौमा केही पालिकाहरूले गाउँसभा गरेका थिए । असोज ४ गते धोबिनी र असोज १० गते पकाहामैनपुर गापाले गाउँसभा गरेका थिए भने अहिलेसम्म बहुदरमाई नगरपालिकाको मात्र नगरसभा भएको छैन ।

नगर/गाउँ सभा गरेका पालिकाहरूले वडामा बजेट विनियोजन गरिएको विवरणका साथै नगर/गाउँ स्तरीय योजनाहरूको सूची मन्त्रालयमा पठाएको खण्डमा मात्र बजेट निकासा हुन्छ ।

## दशैंपछि २४ घण्टे अनिश्चितकालीन धर्ना

प्रस, पोखरिया, २० असोज/

पोखरिया नगरपालिकास्थित जिल्ला अस्पताल पोखरियामा असोज १३ गते आइतवारदेखि राष्ट्रिय मुक्ति क्रान्ति अभियानले शुरू गरेको अनिश्चिकालीन धर्ना आइतवार आठौं दिन पनि जारी रह्यो ।



अभियानका केन्द्रीय सदस्य नेजामुद्दीन समानीको नेतृत्वमा आज पनि दिउँसो १–३ बजेसम्म दुई घण्टा धर्ना दिइएको थियो । पोखरिया अस्पताललाई प्रादेशिक अस्पताल घोषणा गरिएको तर कार्यान्वयनमा नल्याएको, जिल्ला प्रशासन, भूमिसुधार तथा मालपोत र नापी कार्यालयका सेवा केन्द्र स्थापना हुनुपर्ने मागहरू राखी दशैंको टीकापछि अनिश्चिकालीन २४ घण्टे धर्ना शुरू हुने नेता समानीले बताए । उनले असोज २३ गतेसम्म हाल चालू दुई घण्टे अनिश्चितकालीन धर्ना जारी रहने र त्यसपछि टीकाको भोलिपल्ट असोज २७ गतेदेखि २४ घण्टे धर्ना शुरू हुने बताए ।

उनले वीरगंज केन्द्रित सरकारी कार्यालयहरूका सेवा केन्द्र स्थापनाका लागि बारम्बार प्रदेश र सङ्घ सरकारको ध्यानाकर्षण गराउँदै आएको तर आश्वासन मात्र पाएको तथा कार्यान्वयन नभएको भन्दै अनिश्चिकालीन धर्नाको विकल्प नभएको बताए ।

उनले पोखरिया अस्पतालको भवन, जगतपुरमा बर्थिङ सेन्टर भवन अहिलेसम्म आधा अधूरो अवस्थामा राखिएको र पूरा गराउनका लागि दबाबस्वरूप धर्ना दिएको जानकारी गराए । उनले पोखरिया नगरपालिकामा पनि पछिल्ला समयमा बेथिति बढेको र त्यसको विरोधमा पनि अनिश्चितकालीन धर्ना गरिएको बताए । कर्मचारीहरूको अनधिकृत भर्ना, तलब सुविधा वितरणमा ढिलासुस्ती, ठेकेदारहरूको भुक्तानीमा विलम्ब अनि विकास निर्माण योजनाहरू लथालिङ्ग भताभुङ्ग अवस्थामा राखेर आर्थिक अनियमितता भएको महसूस गरी आन्दोलनमा उत्रिएको नेता समानीले बताए ।

उनले आफ्ना मागहरूको सम्बन्धमा सङ्घ सरकारका मन्त्रीहरू अथवा मधेस प्रदेशका मुख्यमन्त्रीले सम्बोधन गर्नुपर्ने अडान लिएका छन् ।

यसैबीच, अर्थ मन्त्रालयले स्वास्थ्य मन्त्रालयलाई ५० शय्याको प्रादेशिक अस्पताल सञ्चालनका लागि बजेट विनियोजन भएको सूचना दिएको र सोही अनुरूप स्वास्थ्य मन्त्रालयले प्रादेशिक अस्पताल सञ्चालनको लागि पहल शुरू गरेको छ ।

## आगामी कात्तिकसम्म सदस्यता विवाद टुङ्गो लगाउने गरी नेपाल पत्रकार महासङ्घको निर्वाचन मङ्सिरमा हुने निर्णय

प्रस, वीरगंज, २० असोज/

नेपाल पत्रकार महासङ्घका केन्द्र, प्रदेश र जिल्लाको निर्वाचन आगामी मङ्सिर २८ गते हुने मिति तोकिएको छ ।

हिजो शनिवार दिउँसोदेखि अबेर



रातिसम्म जारी तीन तहको राष्ट्रिय भेलाले विधानसम्मत जिल्ला शाखाको कार्यसमितिले निर्णय गरी सर्वसम्मत टुङ्गो लगाएर प्रदेशमा पठाएको र प्रदेशले सर्वसम्मत थप गरी पास गरेका सदस्यता कायम गर्ने, विवाद भएका शाखामा केन्द्र, प्रदेशका प्रतिनिधि र शाखा अध्यक्ष रहने समितिले टुङ्गो लगाउने, सदस्यतासम्बन्धी सबै विवाद कात्तिक मसान्तसम्म टुङ्गो लगाइसक्ने र मङ्सिर २८ गते तीनै तहको निर्वाचन सम्पन्न गर्ने निर्णय भएको नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले बताए ।

राष्ट्रिय भेलामा केन्द्रीय पदाधिकारी सदस्यहरू, प्रदेश र जिल्लाका अध्यहरू भौतिकरूपमा उपस्थित हुनुका साथै अनुपस्थितहरूसँग भर्चुअल राय लिएर यस्तो निर्णय भएको अध्यक्ष तिवारीले बताए ।

नेपाल पत्रकार महासङ्घकी कार्यवाहक अध्यक्ष बाला अधिकारीको अध्यक्षतामा भएको राष्ट्रिय भेलामा सहभागीहरूले अध्यक्ष विपुल पोखरेललाई विधानसम्मत सदस्यता वितरणका लागि ज्ञापन दिएको तर विभिन्न दलका भ्रातृ सङ्गठनको दबाबमा विधानसम्मत निर्णय नहुँदा अहिलेको अवस्था सिर्जना भएको कुरा उठान भएको थियो ।

स्वयम् कावा अध्यक्ष अधिकारीले निवर्तमान अध्यक्ष पोखरेललाई सदस्यतासम्बन्धी विवादको टुङ्गो विधानसम्मत गर्न ज्ञापन दिएको र त्यसको सुनवाइ नभएकै कारण अहिलेको अवस्था सिर्जना भएकोले आगामी दिनमा यस प्रकारको विवाद नहोस् भनेर विधानसम्मत जिल्लाको सिफारिशमा प्रदेशले सर्वसम्मत पास गरी थप गरेको सदस्यतालाई मान्यता दिनेगरी काम थाल्ने बताइन् ।

यस अघि विवादका कारण नेपाल पत्रकार महासङ्घको निर्वाचन गत जेठदेखि पटकपटक स्थगित हुँदै आएको छ । निर्वाचन प्रयोजनका लागि मिति तोक्ने र सदस्यता नामावली प्रकाशन गर्ने अनि विवाद हुँदै गर्दा अहिले निर्धारित समयभन्दा छ महीना निर्वाचन ढिला भइसकेको छ । जिल्ला, प्रदेशबाट सिफारिश नभएका २५ सय बढी सदस्य अनधिकृतरूपमा भित्र्याएको भन्दै देशभरका ५३ शाखाले सदस्यतामा विवाद उठाउँदै आएका छन् ।

विवादकै कारण अध्यक्ष विपुल पोखरेलले राजीनामा दिएका थिए भने उनीपछि कावा भएका वरिष्ठ उपाध्यक्ष रमेश विष्टले पनि तत्कालै राजीनामा दिएका थिए ।

## यमुनामाई गाउँपालिकामा तालाबन्दी

प्रस, रौतहट, २० असोज/

यमुनामाई गाउँपालिकाको कार्यालय सरुअठामा आइतवार नेपाली काङ्ग्रेस वडा कार्यालय समिति–४ का पदाधिकारी



तथा स्थानीयवासीहरूले तालाबन्दी गरेका छन् ।

यमुनामाई गापा–४ वडा कार्यालय सार्नका लागि तालाबन्दी गरिएको हो । वडाध्यक्ष अश्विनी यादवले आफ्नो घरमा वडा कार्यालय सञ्चालन गरी अनियमित भाडा असुल गरेको र आफ्ना विपक्षीहरूको काममा अडचन लगाउँदै आएको भनी तालाबन्दी गर्नुपरेको नेपाली काङ्ग्रेसका प्रतिनिधि एवं वडाध्यक्ष सीताराम यादवले बताए । उनले सो वडा कार्यालय गापा कार्यालयमा राखिनुपर्ने माग गरे ।

वडा कार्यालय सार्ने माग गर्दै उनीहरूले असोज १० गतेदेखि नै रिले अनशन गर्दै आएका थिए । रिले अनशनमार्फत सुनवाइ नगरिएपछि तालाबन्दी गर्नुपरेको वडाध्यक्ष यादवले बताए ।

वडाध्यक्ष सहनीले भने अहिलेको वडा कार्यालय सात वर्षदेखि सञ्चालनमा रहेको र आफूले कसैसँग भेदभाव गरी काम नगरेको बताए । उनले वडा कार्यालय स्थापनाको लागि जग्गा खरीदको प्रक्रियामा रहेको बताए ।

## बाढीमा मृत्यु भएकाको परिवारलाई नगद राहत

नितेश कर्ण, वीरगंज, २० असोज/

सर्लाहीको बलरा नगरपालिकामा बाढीले बगाएर मृत्यु भएका दुईजनाको परिवारलाई राहतस्वरूप जनही दुई लाख प्रदान गरिएको छ ।

असोज १४ गते बसेको मन्त्रिपरिषद्को बैठकले बाढी, पहिरो तथा डुबानमा परेर मृत्यु भएका व्यक्तिका परिवारलाई जनही दुई लाख रुपियाँ राहत दिने निर्णय गरे अनुरूप जिल्ला विपत् व्यवस्थापन समिति सर्लाहीले बलरा नगरपालिका–३ लक्ष्मीपुरका १३ वर्षीय अङ्कित ठाकुर र बलरा नगरपालिका–१ हथियौलका २७ वर्षीय पवन गिरीका परिवारलाई राहतबापत सो रकम प्रदान गरिएको हो ।

अङ्कित असोज १४ गते र पवन असोज १५ गते बाग्मती नदीको भेलबाट जमेको पानीमा डुबेको अवस्थामा मृत फेला परेका थिए । आइतवार बिहान दुवै मृतकको घरमा पुगेर जिल्ला विपत् व्यवस्थापन समिति सर्लाहीका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी, जिल्ला समन्वय समिति सर्लाहीका प्रमुख कौशलकिशोर सिंहलगायतले सरकारको तर्फबाट राहत रकम बैंकमा जम्मा गरिदिएको जानकारी गराएका थिए ।

यसैगरी, अविरल वर्षापछि सोती खोलामा आएको बाढीले बगाएर मृत्यु भएका बाग्मती नगरपालिका–९ सक्रौल टोलका १४ वर्षीय मुकेश महतोको परिवारलाई पनि राहत स्वरूप रु दुई लाख प्रदान गरिने जिल्ला प्रशासन कार्यालय, सर्लाहीले जनाएको छ ।

प्रमुख जिल्ला अधिकारीसहितको टोलीले बलरामा युनिसेफबाट र धनकौलमा प्लान इन्टरनेशनलबाट भइरहेको राहत वितरण कार्यको अनुगमन पनि गरेका थिए ।



### विचारसार र सूक्तिहरू

**बुद्धिमान् व्यक्तिले प्रतिदिन आफ्नो कर्मको अवलोकन गर्नुपर्छ कि उसको कार्य पशुकर्म समान छ वा श्रेष्ठ मानिसको कर्तव्ययोग्य ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुध्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# पानी निकासको विवाद

**बर्खाको समयमा पानीको बहाव र निकाससँग सम्बन्धित विवाद प्रायः समाजमा हुने गरेको छ । बलेसीबाट बग्ने पानीदेखि कुलो र नहरका पानी तथा भेल समस्याको कारण बनेका छन् । यसबाट सृजित विवादले समाजको शान्ति, एकता र सामञ्जस्यतामा विघ्न बाधा पुऱ्याउन सक्छ । एक घरको बलेसी अर्काको खेत वा जमीनमा बग्दा, एउटा खेत हुँदै पानी अर्को खेतमा पुग्दासमेत "त्यहाँको पानी किन यहाँ आयो ?" जस्ता अत्तो थापेर विवाद र तिक्तता छाएका घटना धेरै छन् । त्यति बेला ऐन, कानून, प्रकृतिको नियम वा समस्या समाधानको विकल्पतर्फ ध्यान दिईंदैन । मै ठीक, मैले सोचे जस्तो र भने जस्तो हुनुपर्छ भन्ने घमण्ड तथा जिद्दीपन बढ्दो छ । यस्तो अवस्थामा समाजले चित्तबुझ्दो समाधानको बाटो खोज्नुको विकल्प छैन । जुन समाजले दुई पक्षमा एक/एक पक्षलाई काखी च्यापेर उकास्नतर्फ लाग्छ, त्यहाँ अप्रिय घटना निश्चित छ ।**

**ओरालोतर्फ बग्ने पानीको स्वभाव हो । तर मानवीय गतिविधिहरूले यसको प्रवाहलाई अवरुद्ध गरिनुहुँदैन । प्राकृतिकरूपमा पानी बग्ने स्थानमा यदि कुनै संरचना निर्माण गरिन्छ भने, बहाव परिवर्तन हुन्छ । नयाँ बाटो तथा नयाँ निकास बनाउँदा त्यहाँ कटान, भूक्षय निश्चित छ, निकास बन्न नसके डुबान कसैले टार्न सक्दैन । डुबान वा कटानले अन्य क्षेत्रलाई क्षति पुऱ्याउँछ । त्यसले सम्बन्धित तथा सरोकारवाला पक्षबीच द्वन्द्व र आक्रोश जन्माउँछ । बर्खाको समयमा धेरैजसो क्षेत्रमा बाढीको सम्भावना पनि बढ्छ । यो समयमा प्राकृतिक जलप्रवाहको क्षमताभन्दा बढी पानी परेमा स्थिति निकै गम्भीर बन्न सक्छ । यस्तो अवस्थामा समाजका सबै पक्षले समझदारीपूर्वक काम लिन सक्नुपर्छ । विपत्ति कसैमाथि परोस् भन्ने सोच मानवीय धर्मले दिंदैन, फेरि पनि क्षतिबाट आफू जोगिने ध्याउन्नमा मानिस अरूलाई क्षति पुगेको थाहा पाउँदैन । यस किसिमको विवाद समाधान गर्नका लागि मानवीय सचेतना आवश्यक छ । यसका लागि स्थानीय समुदायमा जल निकासका विधि र जलको कारण स्थानीयस्तरमा हुँदै आएका र हुन सक्ने समस्याहरूका बारेमा जानकार हुनुपर्छ । त्यसैगरी, सम्बन्धित पक्षबीच समयसमयमा संवाद र सहकार्यको महत्त्वलाई पनि बुझाउनुपर्छ । यसो भएमा मानसिकरूपले पूर्वतयारी भइसक्ने हुँदा तात्कालिकरूपमा कोही आक्रोशमा आइहाल्ने वा आफू मात्रै जोगिउँ भन्ने मनसाय रहँदैन ।**

**पानीको बहाव र निकासलाई व्यवस्थित गर्नका लागि योजना बनाउने कार्यमा समाजका हरेकको सहमति र सहभागिता अनिवार्य छ । यसले विवादको सम्भावनालाई न्यून गर्न मदत गर्छ । हरेक वर्ष कुनै न कुनै रूपमा यो समस्या आउने भएकाले यसको दीर्घकालीन समाधानको लागि मार्ग प्रशस्त गर्नेतर्फ समाज अग्रसर रहनुपर्छ । बर्खाको पानी निकासलाई लिएर घरघर, टोलटोल, वडावडाबीच कुनै पनि विवाद नहोस् भन्ने हो भने, एकले अर्काको पनि समस्या थाहा पाउन पनि जरुरी छ । एकअर्कालाई बुझ्नका लागि सहकार्य अति आवश्यक छ । प्राकृतिक प्रकोपको सामना गर्नका लागि सामूहिक एकता तथा सहकार्यविना सम्भव छैन । विभिन्न समयमा आइपरेका प्राकृतिक विपत्तिले पनि यो तथ्यलाई पुष्टि गरेको छ । आकस्मिक उद्धारको लागि नजीककै छिमेकी भरपर्दो हुने रहेछ । समाजमा शान्ति, सदभाव, सहअस्तित्वसँगै समृद्धिका लागि एकता र सहमतिले स्थायित्व पाउनुपर्छ ।**

# गणित ज्ञानको सङ्गीत हो

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**गणितले पनि कुनै प्रमेय सिद्ध गर्नको लागि प्रारम्भमा यस्तै कुनै परिकल्पना गर्दछ र तर्क र अन्य सूत्रको भऱ्याङ्ग चढ्दै लयबद्ध तरीकाले त्यसलाई साबित गर्दछ । यस कारण गणित मात्र ज्ञान होइन । यो एउटा सङ्गीत पनि हो । तसर्थ के भन्न सकिन्छ भने गणित ज्ञानको सङ्गीत हो ।**

कुनै पनि विषयको आफ्नै एक प्रकारको लयबद्धता हुन्छ । आफ्नै नियमहरू हुन्छ। आफ्नै क्षेत्र र परिधि हुन्छ। उदाहरणका लागि विज्ञानबारे के भनिन्छ भने विज्ञान कुनै पनि विषयको सुव्यवस्थित, सुसङ्ठित र क्रमबद्ध ज्ञान हो। यसैगरी यदि साहित्यको कुरा गर्ने हो भने साहित्यले आफैंमा एउटा भाव समेटेको हुन्छ। त्यसमा एक प्रकारको रस हुन्छ। त्यो वीर रस, वात्सल्य रस, वियोग, करुणा वा प्रेम रस जे पनि हुन सक्छ। हामी यस्तो साहित्यको कल्पना गर्न सक्दैनौं जसमा कुनै भाव नहोस्। यसैगरी गणितको पनि आफ्नै एक प्रकारको गुण हुन्छ। आफ्नै एक किसिमको आभा हुन्छ। जसको क्षेत्र फराकिलो र असीमित रहेको छ। यसमा क्षेत्रको कुनै महत्त्व हुँदैन। यो ज्ञानको यस्तो किरण-पुञ्ज हो जसमा प्रकाश वा मार्गदर्शनको सबै विषयमा, कुनै न कुनै तहमा आवश्यकता परिरहन्छ। त्यसविना त्यो अधूरो रहन्छ।

गणितको एउटा विशेष गुण के हुन्छ भने यसमा अघिल्लो सीढी चढ्नको लागि पछिल्लो सीढीसंग सामन्जस्य स्थापित हुनु आवश्यक हुन्छ। गणितमा भाँचिएको भऱ्याङ कहिल्यै चढ्न सकिँदैन। यहाँ जम्प लगाउन पनि मिल्दैन। सङ्गीतजस्तै गणितले पनि निरन्तर लयको माग गर्दछ। जसरी कुनै सङ्गीतज्ञको सङ्गीत यन्त्रको कुनै एउटा तार चुँडियो भने त्यसको तरङ्गले अघिको यात्रा गर्न पाउँदैन, बाँकीका सबै तार नयाँ र गुणस्तरीय किन नै रहून् वा सङ्गीतज्ञ जति दक्ष भए पनि सङ्गीत उत्पन्न गर्न सक्दैन। ज्ञानले परिपूर्ण गणितको पनि यस्तै स्वभाव हुन्छ। गणितमा कुनै एउटा सूत्रको प्रयोग छुट्यो भने त्यसबाट परिणाम हासिल हुन सक्दैन। गणितको कुनै पनि प्रमेयलाई सिद्ध गर्नका लागि त्यसलाई कैयन सिद्ध प्रमेयको, सीढीजस्तै सहारा लिनुपर्ने हुन्छ। यदि बीच बाटोमा कुनै एउटा तर्क फेल भयो भने वा अघिल्लो शर्तलाई सन्तुष्ट गर्न सकिएन भने गणित त्यो संकल्पना मान्नको लागि तयार हुँदैन वा त्यसलाई सुल्झाउनको लागि धेरै समय व्यतीत गर्नुपर्ने हुन्छ। जुन बेलो सबै तार एक आपसमा जोडिन्छ तब मात्र जोडिएको तारले गणितको तर्क वा प्रमेय प्रवाहित हुन थाल्छ। अनि मात्र गणितले त्यसलाई प्रमाणित गर्दछ। सबैथोक प्रस्टरूपले सिद्ध भइरहेको बेला पनि गणितमा फड्को मारेर अघि बढ्न सकिंदैन।

यहाँसम्म कि न्यूटनले पनि गुरुत्वाकर्षण बललाई तब मात्र सिद्ध गर्न सके जब त्यो गणितको हिसाबले सही देखियो। अनि मात्र के साबित भयो भने धरतीको गुरुत्वाकर्षण बल F को मान m.g हुन्छ। जहाँ धरतीमाथि गुरुत्वीय त्वरणको मान गणितीय मानक अनुसार ९.८ मि/सेकेन्ड प्रमाणित भयो। यसैगरी जब के पाइयो भने कुनै परमाणुको कक्षमा बस्ने ऋणात्मक इलेक्ट्रान नाभिमा स्थित घनात्मक प्रोटानको आकर्षणबाट नाभिमा खस्नुबाहेक चक्कर लगाइरहन्छ भन्ने पहेली पनि त्यस बेलासम्म समाधान गर्न सकिएन जबसम्म गणीतीय गणनाबाट के साबित हुन सकेन कि प्रोटानको आकर्षणले गर्दा त्यसमाथि लाग्ने अभिकेन्द्र (नाभिको दिशामा) बल त्यसमाथि लाग्ने अपकेन्द्र (वृत्तीय गतिभन्दा बाहिर उत्पन्न हुने) बलको बराबर वा विपरीत दिशामा भएको हुनाले निरस्त हुन पुग्छ।

ब्रह्माण्डको उमेर तोक्नुहोस् वा धरतीमाथि समुद्रको आयु, ग्रीमध्ये कसैको पनि ज्ञान बेगरगणित, कसीमा नउभिउन्जेल सम्भव हुँदैन। यसरी हामी के भन्न सक्छौं भने गणितको आफ्नै लय हुन्छ। उसको स्वभावको तरङ्ग गति जस्तै हुन्छ। जसरी हारमोनियम, गिटार, संतुर वा मादलबाट निस्कने आवाज बीचमा कतै बाधित भयो वा यन्त्रको कुनै तार अवरोधित भएमा पूर्णरूपले चुँडिन्छ त्यसैगरी गणितको कसीमा पनि कुनै पनि कुरो बाधित भएमा त्यसलाई साबित गर्न सकिंदैन।

सङ्गीत पनि केही यस्तै हुन्छ। सङ्गीतको ध्वनि तरङ्ग पनि एकपटक बाधित भएमा अघि बढ्न सक्दैन। सङ्गीतको लागि लयबद्धताको आवश्यकता हुन्छ, जम्पको होइन। सङ्गीत बीचबाट बाधित भएपछि त्यसको तरङ्ग पनि त्यसै अनुरूप हिंड्न थाल्छ। जति मीठो सङ्गीत हुन्छ त्यत्तिकै मीठो त्यसको लयबद्धता हुन्छ। र जसमा लय हुँदैन त्यो सङ्गीत हुनै सक्दैन। सङ्गीत पनि गणित जस्तै दुई प्रकारले प्रारम्भ हुन्छ।

सङ्गीतको प्रारम्भिक चरणमा गीतको बोलमा गीतकारले कि त कुनै ठूलो वा मीठो कुरा निष्कर्षको रूपमा भन्छ र त्यो गीत त्यसलाई प्रमाणित गर्नको लागि त्यसकै वरिपरि घुमिरहन्छ वा गीतको शुरुआत कुनै कल्पनाले गर्छ र अन्त्यमा कुनै एउटा निश्चित निष्कर्षमा पुगेर त्यसको अन्त्य गर्छ। उदाहरणका लागि हिन्दी भाषाको यो गीत 'गङ्गा तेरा पानी अमृत' बोलमा गीतकारले शुरूमै गङ्गाको जललाई अमृतको संज्ञा दिएर कुरा अगाडि सार्छ र आफ्नो कुरा प्रमाणित गर्नको लागि लयबद्ध तर्क दिंदै अघि के भन्छ भने -खेतों-खेतों तुझसे जागी धर्ती पर हरियाली/फसलें तेरा राग अलापे, झूमे बाली-बाली/तेरा पानी पीकर मिट्टी सोने में ढल जाए/युग-युग इस देश की धरती तुझसे जीवन पाए ...... ।"

यसरी गीतकारले आफ्नो पहिलो पङ्क्तिको कुरा साबित गर्नको लागि एकभन्दा बढी वजनदार तर्क प्रस्तुत गर्दछ र के साबित गर्छ भने गङ्गाको पानीमा त्यो दुवै गुण विद्यमान छ, जसको अमृतीय गुणले बाँझो धरतीमा पनि प्राण भर्ने काम गर्दछ। गीतकारको के तर्क रहेको छ भने गङ्गाको पानीले धरतीलाई हरियो बनाउँछ र राम्रो अन्नबाली उत्पादन हुन्छ। जसबाट मानव जीवन पोषित हुन्छ। यस कारण गङ्गाको पानीलाई अमृतको संज्ञा दिन सकिन्छ।

यसैगरी एउटा अर्को हिन्दी गीत जसको बोल छ "मेरे देश प्रेमियों, आपस में प्रेम करो देश प्रेमियों।" यस गीतमा गीतकारले केही सन्देश दिइरहेको छ र आफ्नो यस सन्देशको पछाडि गीतकारको मीठो र क्रमबद्ध तर्क केही यस प्रकार रहेको छ, "देखो ये धर्ती हम सबकी माता है/सोचो, आपस में, अपना क्या नाता है/हम आपस में लड बैठे तो देशको कौन सम्भालेगा/कोई बाहरवाला अपने ही घर से हमें निकालेगा/दीवानों होश करो, मेरे देश प्रेमियों/आपस में प्रेम करो देश प्रेमियों।" यस प्रकार गीतकार आफ्नो गीतलाई लयबद्ध र मीठो तर्कले साबित गर्छ। उसको लयबद्धता, मधुरता र तर्क कहीं पनि चुँडिएको फेला पार्न सकिंदैन।

यस प्रकारको सङ्गीत सुन्ने मानिसलाई सुखद अनुभूति सँगसँगै एउटा उपयोगी र राम्रो सन्देश पनि दिन्छ। सङ्गीत जस्तै गणितमा पनि हुन्छ। गणितले पनि कुनै प्रमेयलाई साबित गर्नको लागि प्रारम्भमा यस्तै कुनै एक प्रकारको कल्पना गर्दछ र तर्क र अन्य सूत्रको भऱ्याङ चढ्दै लयबद्ध तरीकाले त्यसलाई साबित गर्दछ। यस कारण गणित मात्र ज्ञान होइन। यो एउटा सङ्गीत पनि हो। तसर्थ के भन्न सकिन्छ भने गणित ज्ञानको सङ्गीत हो।

# सञ्चार ऐन पुनरावलोकन गर्न प्रदेश सरकार तयार

महोत्तरी, २० असोज/रासस

मधेस प्रदेशको सञ्चार ऐन संशोधन वा पुनरावलोकन गर्न प्रदेश सरकार




तत्पर देखिएको छ। आइतवार महोत्तरीको बर्दिबास-४ मा आयोजित प्रदेश सञ्चार ऐन तथा नियमावलीसम्बन्धी सञ्चारसम्बद्ध प्रतिनिधिबीचको अन्तर्क्रियामा गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले यस कार्यका लागि सरकार तयार रहेको बताए।

उनले निश्चित विधि प्रक्रियाबाट यो कार्य अघि बढाइने प्रतिबद्धतासमेत जनाए। "सञ्चारसम्बद्ध सङ्घसंस्था र पत्रकारजगत्बाट ऐन र नियमावलीबारे प्रश्न निरन्तर उठ्दै आएका छन्, अहिलेको परिवेशमा ऐन र नियमावली अस्पष्ट लाग्न थालेको छ," मन्त्री लेखीले भने, "सरोकारवालासँगको थप छलफलबाट ऐन संशोधन वा पुनरावलोकन गर्न सरकार तयार छ।"

कार्यक्रममा सञ्चारसम्बद्ध निकाय र संस्थाका प्रतिनिधिले हाल कार्यान्वयनमा रहेको ऐन आफूहरूको सुझावविपरीत बनेको र ऐन तथा नियमावलीमा तादाम्यता नभएको गुनासो गरेका थिए।

कार्यक्रममा मधेस प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता सुरेन्द्र महतो, प्रदेश नीति तथा योजना आयोगका सदस्य शिला मिश्र र गृह, सञ्चार तथा कानून मन्त्रालयका सचिव वीरेन्द्र यादवले पनि ऐन र नियमावलीलाई सबैले अपनत्व ग्रहण गर्नेगरी संशोधन वा पुनरावलोकन गर्न सकिने बताएका थिए।

यस अघि कार्यक्रममा मन्त्रालयका कानून अधिकृत सन्दीप सिंहले ऐन र नियमावलीबीच तादाम्यता सम्बन्धमा कार्यपत्र प्रस्तुत गरे। प्रदेश मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दास, आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव र सञ्चार उद्यमी विष्णु कुँवरले ऐनले समेट्नुपर्ने विषयबारे मन्त्री र मन्त्रालयसम्बद्ध अधिकारीको ध्यानाकर्षण गराएका थिए।

कार्यक्रममा पत्रकारसम्बद्ध प्रतिनिधिले पत्रकार सुरक्षाको सुनिश्चितता, सूचनामा सहज पहुँच र लोककल्याणकारी विज्ञापनको न्यायोचित उपलब्धता हुनुपर्ने माग गरेका छन्। मिडिया काउन्सिल, आमसञ्चार प्राधिकरण र लोकसञ्चार चलचित्र बोर्डलाई एकीकृत गर्नेबारे सम्बद्ध पक्षहरूसँग खुला छलफलपछि निधो गरिनुपर्ने कार्यक्रमका सहभागीले जोड दिएका थिए।

# हेटौंडा-भीमफेदी-काठमाडौं सडक सञ्चालन

बाग्मती, २० असोज/रासस

हेटौंडा-भीमफेदी-काठमाडौं सडक एक सातापछि आइतवारबाट सञ्चालनमा आएको छ।

हेटौंडा-भीमफेदी हुँदै काठमाडौं जाने सडकखण्डमा पर्ने सिमखोला र फाखेलस्थित सडकमा डाइभर्सन बनाएर बाटोको मर्मत सकिएपछि साँझबाट सडकमा सवारी आवतजावत सञ्चालन भएको बाग्मती प्रदेश सरकार मातहतको यातायात पूर्वाधार निर्देशनालयका निर्देशक पुष्करप्रसाद पोखरेलले जानकारी दिए।

मर्मतसम्भार भएसँगै हेटौंडा-काठमाडौं जोड्ने छोटो दूरीका हेटौंडा-फाखेल-काठमाडौं, हेटौंडा-कुलेखानी-चखेल-मातातीर्थ, हेटौंडा-कुलेखानी-मार्खु-चित्लाङ-चन्द्रागिरि-काठमाडौं सडक सञ्चालनमा आएको निर्देशक पोखरेलले बताए।

"सडक मर्मत गरेर तत्काल सवारीसाधन सञ्चालन भएपनि अझै पूर्णरूपमा सडक मर्मत सम्पन्न भइसकेको छैन," निर्देशक पोखरेलले भने, "सडकमा अझै केही काम गर्न बाँकी रहेकाले भोलि फेरि केहीबेरका लागि सो सडकमा सवारी चलाउन रोक्नुपर्ने हुन्छ।"



यही असोज १० गतेदेखि १२ गतेसम्म आएको वर्षासँगै कुलेखानी उद्यामको पानीले सिमखोला पुलमा करीब एक सय मिटरमा क्षति पुऱ्याएको थियो। फाखेलतर्फको महालक्ष्मी खोला पुल र आसपासको करीब सात सय मिटर सडक बगाएको थियो।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# व्यापारीको गुनासो : सोच जस्तो छैन व्यापार

काठमाडौं, २० असोज/रासस

"रोजीरोजी र छानीछानी, आउनुहोस् आधा छुटमा सामान लैजानुहोस्," न्युरोडका फेन्सी व्यापारी आरब रेग्मीले ग्राहकलाई यसैगरी लोभ्याइरहेका छन्। तर ग्राहकको सङ्ख्या भने पातलो छ।

दशैं र तिहार जस्ता चाडपर्वमा राम्रो व्यापार गर्ने व्यापारीको लक्ष्य हुन्छ। तर यसपटक भने राम्रो व्यापार नभएको उनको अनुभव छ। उनी भन्छन्, "दुई/चार रुपैयाँ कमै नाफा खाएर सामान कटाउने योजना हो तर यसपालि व्यापार कम छ।"

पर्वको मुखैमा प्राकृतिक विपत्‌को असर बजारमा देखिएको उनको भनाइ छ। यद्यपि फूलपाती शुरू भएपछि व्यापार बढ्छ कि भन्ने उनको झिनो आशा छ।



दशैंमा किनमेलका लागि न्युरोडमा भेटिएकी नुवाकोटकी सुनीता छिनाललाई आफ्नोभन्दा छोराछोरीको खुशी महत्त्वपूर्ण लाग्छ। चीसो मौसम शुरू भएकाले दशैंमा छुटको मौका छोपेर बालबच्चाका लागि लुगाफाटा किन्ने गर्छिन्। "आफ्नोभन्दा छोराछोरीलाई दशैंमा खुशी पार्न पाए हुन्थ्यो भन्ने लाग्छ," उनले भने।

ठमेलमा किनमेल गर्न पुगेका गोपाल बुढाथोकीले यसपालि मूल घर सर्लाही नजाने बताए। बाढी, पहिरोका कारण बाटो राम्रो नभएकाले आफू घर नजाने उनले बताए।

"काठमाडौंमा जे जति परिवारका सदस्य छन्, सबै मिलेर यतै दशैं मनाउने सोचमा छौं," उनले भने, "किनमेल पनि भर्खरै शुरू हुँदैछ।" उनले जाडोको लुगा भने दशैंको पर्व छोपेर खरीद गर्ने गरेको बताए। पर्वमा भारी छुट पाउने हुँदा उनलाई आवश्यक सामग्री किन मनपर्ने बताए।

काभ्रेपलाञ्चोककी रोशनी तामाङले यो दशैंमा किनमेलमा खासै जोड नदिएको बताइन्। ठमेल कालापत्थरमा जाडोमा लगाउने ज्याकेट खरीद गर्न आएकी उनले सामान्य खर्चमा दशैं टार्ने योजना रहेको बताइन्। गाउँ बाढीका कारण तहसनहस भएपछि उनलाई यसपालिको दशैं मनाउने जाँगर चलेको छैन। दशैं पनि काठमाडौंमैं मनाउने योजना रहेको बताइन्। "आफन्ती सबै दुःखमा छन्, दशैं मनाउनु कसरी?" उनले भनिन्।

भृकुटीमण्डपका व्यापारी जीवन राईले विगतको तुलनामा व्यापार आधा घटेको बताए। कोभिडको बेलामा जुन खाले आर्थिक मर्का परेको थियो त्यस्तै, असर बजारमा फेरि देखा परेको उनको अनुभव छ। "मान्छेहरूको चहलपहल त छ, तर व्यापार सोचे जस्तो छैन," उनले भने।



**सहुलियत दरको खसी, बोका र च्याङ्ग्राः** काठमाडौं थापाथलीमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले उपलब्ध गराएको सहुलियत दरका खसी, बोका र च्याङ्ग्रा। तस्बिरः हरिराम भेटुवाल/रासस

# दशैंमा रङ्गीन माटोबाट अतिरिक्त आम्दानी

महोत्तरी, २० असोज/रासस

दशैं पर्वमा रङ्गीन माटो बेची मधेसका गरीब तथा श्रमजीवी वर्गले अतिरिक्त आयआर्जन गर्ने गरेका छन्। दशैं पर्वको अवसरमा महोत्तरीको विपन्न बस्तीका गरीब श्रमिक माटो बेचेर अतिरिक्त आम्दानी गर्दैछन्। यसै अवसरमा विभिन्न रङ्गका माटोले घर पोतेर चिटिक्क टल्कने बनाउने मधेसको स्थापित परम्पराले अहिले गरीब बस्तीका श्रमिक माटो खन्न टाढाटाढासम्म पुग्ने गरेका छन्। यो कार्यमा महिला बढी देखिने गरेका छन्।

अहिले १०–२० जनासम्मको समूहमा महिला माटो खोज्न चार–पाँच घण्टाको बाटो छिचोलेर चुरे पहाडका रातो माटोका थुम्का खोस्रिरहेका भेटिन्छन्। दशैंमा घर पोत्ने प्रयोजनका लागि कमेरे, चिम्टिलो पहेंलो र रातो माटोको माग हुने भएपछि विशेषगरी गरीब बस्तीका महिला अहिले विभिन्न रङ्गका माटो खन्ने, ओसार्ने र मागकर्ताकहाँ पुर्‍याउने काममा लागेका छन्।

मधेसका अधिकांश भित्री बस्तीमा बाँसको चोयाको बारका भित्ता भएका घर हुन्छन्। यस्ता घरका भित्ता बर्सेनि दशैं, तिहार र छठ पर्व अघि माटोले पोतेर रङ्ग्याउने चलनले यी पर्वमा विभिन्न रङ्गका माटोको माग बढ्छ। यसै अवसरलाई अहिले गरीब बस्तीका महिलाले अतिरिक्त नगद जोहोमा प्रयोग गर्ने गरेका हुन्।

अहिले फरक–फरक रङ्गका माटोको खोजी गर्ने समूहको गन्तव्य नदीले दह जमाएका ठाउँको डिल, पुराना पोखरी र चुरे पहाड क्षेत्रका रातो माटोका थुम्का भएका छन्। "कमेरे र पहेंलो चिम्टिलो माटो खोज्न नदी गहिरिएको डिल र पुराना पोखरी खोज्नुपर्छ, रातो माटो लिन चाहिं चुरे नै पुग्नुपर्छ," पर्वका बीच भङ्गाहा–४ पलारबस्तीनजीकैको रातु कान्लामा पहेंलो र कमेरे माटो खन्दै गरेकी पलारबस्तीकै सियानकीदेवी बाँतरले भनिन्, "यही मेहनतले आफ्नो घर पोत्न र दशैं खर्चको नगद जोहो गर्न माटो लगिन्छ। करीब ४० किलोको एक बोरा माटो लान सके आफ्नो घर पोतेर पनि एक/दुई हजार रुपैयाँ नगद बनाइ गर्जो टार्न सकिन्छ कि भनी यसरी काम गरिरहेकी छु।"

चाडपर्व शुरू भइसकेको अवस्थामा परिवारका सदस्यको सहयोग लिएर गरीब बस्तीका महिला माटो सङ्कलन तथा बिक्री वितरणमा व्यस्त छन्। "हेर्नोस् न, दशैंले छोपी त हाल्यो, अहिले अलिकति मेहनत गरे त दुई/चार पैसाको मुख देख्न पाइने छ नि!" यसैगरी, भङ्गाहा–६ जमुनियाकी प्रेमकली चौधरी भन्छिन्, "यसले घरका नानीहरूको फर्माइस पूरा गर्न सघाउँछ।"

मधेसका खासगरी थारू बस्तीमा अहिले माटो सङ्ग्रहको होड छ। थारू महिला विभिन्न रङ्गका माटोले घर पोत्न, कुन रङ्गकाे माटो कसरी मिलाएर पोत्ने भन्ने र घर सरसफाइका काममा पोख्त मानिन्छन्। "हेर्नोस् न, हाँस/कुखुरा र परेवा पनि घरघरैजसो पालेकै हुन्छन्, तर थारू बस्तीका घर पुग्दा भुइँमैं बसौंबसौं लाग्ने चिटिक्क देखिन्छ।"

भङ्गाहा–४ थारूटोल बनराका विष्णुबहादुर बुढाथोकी भन्छन्, "घर सरसफाइ, रङ्गरोगन र सजावटमा थारू महिला सधैं उम्दा देखिन्छन्।" दशैंमा थारू महिलाको साथसङ्गतले अन्य जाति–समुदायका गरीब महिला पनि अहिले माटो सङ्ग्रहमा लागेका छन्। माटो जम्मा गर्न सके मेलामा रमाउन र ससाना नानीहरूको खानपिनको रहर पुर्‍याउन सहयोग पुग्ने यस काममा लागेका श्रमिक महिलाको भनाइ छ।

मधेसका ग्रामीण बस्तीमा बाँसका कच्ची घर बढी हुने र तिनका भित्ता बाँसका चोया र कर्चीबाट बन्ने हुँदा लिपपोत माटोले नै गरिन्छ। प्रत्येक वर्षको दशैं, तिहार र छठमा घर पोत्ने चलनले गरीब बस्तीका महिलालाई माटो बेचेर दुई/चार रुपैयाँ आर्जनको अवसर बनेको हो। अहिले सङ्ग्रह गरिएको माटो तिहार र छठमा पनि बिक्री हुने श्रमिक महिला बताउँछन्।

# मनसुन क्रमश : क्षीण हुँदै

काठमाडौं, २० असोज/रासस

जल तथा मौसम विज्ञान विभागले देशभर मनसुनी वायुको प्रभाव रहेको तथा पूर्वी र मध्यभागमा बङ्गालदेशको उत्तर भूभाग तथा भारतको पश्चिम बङ्गाल आसपासको क्षेत्रमा बनेको न्यूनचापीय प्रणालीको आंशिक प्रभाव रहेको जनाएको छ।

विभागका अनुसार हाल लुम्बिनी र गण्डकीसहित देशका पहाडी भागमा आंशिक बदली रही बाँकी भागमा मौसम मुख्यतया सफा रहेको छ। लुम्बिनीका केही र सुदूरपश्चिम प्रदेशका एक–दुई स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ।



आज दिउँसो देशभर आंशिकदेखि साधारणतया बदली रहने छ। कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका एक–दुई स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

आज राति मुलुकका पहाडी भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भागमा मौसम मुख्यतया सफा रहने विभागले जनाएको छ। साथै कोशी र गण्डकी प्रदेशका केही तथा बाँकी प्रदेशका एक–दुई स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

विभागले आगामी २४ घण्टामा कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही तथा बाँकी प्रदेशका एक–दुई स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षा हुने पूर्वानुमान गरेको छ।

मौसमविद् सरोज पुडासैनीका अनुसार मनसुन क्रमशः क्षीण हुँदै गएको छ।

# बाढीपहिरोमा २४४ जनाको मृत्यु

काठमाडौं, २० असोज/रासस

हालैको बाढीपहिरामा परी हालसम्म २४४ जनाको मृत्यु भएको छ भने १९ जना बेपत्ता छन्। अन्य १७९ जना घाइते भएका छन्।

गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीका अनुसार बाढीपहिरो प्रभावित क्षेत्रबाट १७,१७४ जनाको उद्धार गरिएको छ भने सहायता परिचालन र अवरुद्ध राजमार्गको मरम्मतसम्भार गरी यातायातका साधन सञ्चालनको प्रयास जारी छ।

"बाढीपहिरो पीडितको विवरण सङ्कलन स्थानीयस्तरबाट भइरहेको छ। त्यो प्राप्त भएपछि अस्थायी आवासका निम्ति सरकारले प्रदान गर्ने सहायता रकम वितरण हुनेछ। स्थानीय तहबाट प्रभावित परिवारलाई खाद्यान्नलगायत सहयोग प्रदान भएको छ"–उनले भने।

सरकारले जिल्ला विपद् व्यवस्थापन कोषमार्फत प्रतिमृतक रु दुई लाखका दरले निजका परिवारलाई सहायता रकम उपलब्ध गराएको छ। हालसम्म त्यस्तो सहायता १६० परिवारले पाइसकेका छन्।

बाढीपहिरामा परी सबैभन्दा बढी काभ्रेपलाञ्चोकमा ७२ जनाको मृत्यु भएको छ भने त्यहाँ हालसम्म ५९ मृतकका आफन्तलाई आर्थिक सहयोग प्रदान गरिएको प्रवक्ता तिवारीले बताए।



**नारायणी क्रिकेट रङ्गशालामा अभ्यास गर्दै खेलाडीः** वीरगंजको नारायणी रङ्गशालासँगै रहेको क्रिकेट रङ्गशालामा अभ्यास गर्दै खेलाडी। वर्षात्‌मा पानी भरिने यो रङ्गशाला व्यवस्थित नहुँदा क्रिकेट खेल्न असहज भएको खेलाडीहरू बताउँछन्। तस्बिरः हिमाल लम्साल/रासस

# अनुदान रकम पाएपछि किसान मक्ख

महोत्तरी, २० असोज/रासस

चाडपर्व प्रारम्भ हुन लागेका बेला सरकारबाट अनुदान रकम पाएपछि महोत्तरीका उखु किसान प्रसन्न छन्। राज्यबाट अनुदान पाउने कुनै आशाभरोसा नभएको स्थितिमा रकम पाएपछि उनीहरू मक्ख परेका हुन्।

आर्थिक वर्ष २०८०/८१ मा गौशाला–१ स्थित एभरेस्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिजलाई उखु बेचेका किसानले अनुदानबापतको रकम पाएका हुन्। उक्त उद्योगलाई गत वर्ष उखु बेचेका १४ हजार ४४४ किसानका खातामा उनीहरूले बुझाएका उखुको परिमाण अनुसार प्रतिक्विन्टल रु ७० का दरले अनुदान रकम दाखिला भएको कोष तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ। किसानलाई रु २० करोड ३३ लाख १५ हजार ८११ अनुदान दिइएको छ।

कार्यालय प्रमुख बालकृष्ण अधिकारीका अनुसार अनुदान रकम बैंक खाता भएका सबै किसानले पाएका र नहुनेले पनि धमाधम खाता खोल्न थालेका छन्। "रकम दाखिलाको क्रम जारी छ," उनले भने।

"दशैंमा कसरी गर्जो टारौं भन्ने थियो, अनुदान रकम आएपछि प्रसन्न छु," भङ्गाहा–४ का उखु किसान अरुण गिरी भन्छन्, "हामीलाई दशैं उपहार पाएजस्तै भएको छ।" गिरीजस्तै बर्दिबास–९ पशुपतिनगरका अर्का किसान रामविनोद महतोले पनि चाडपर्व अघि अनुदान रकम पाउँदा राहत मिलेको बताए।

महोत्तरीमा दुईवटा चिनी उद्योग सञ्चालनमा रहेका भएपनि दुई वर्ष अघि मात्र सञ्चालनमा आएको सिद्धिविनायक चिनी उद्योगले गत वर्ष प्राविधिक गडबडीले उखु क्रसिङ गर्न सकेन। एभरेस्ट चिनी उद्योगले भने २९ लाख चार हजार ५११ क्विन्टल उखु क्रसिङ गरेर दुई लाख ६४ हजार ५११ क्विन्टल चिनी उत्पादन गरेको थियो।

गत वर्ष उखुको मूल्य उद्योगले रु ५४० र सरकारले अनुदानबापत ७० गरी

(बाँकी अन्तिम पातामा)

# बाढी, पहिरो र डुबानपछिको स्वास्थ्य जोखिम

विचार



डा प्रकाश बुढाथोकी

**झाडापखाला सबैभन्दा बढी खानेपानी र सरसफाइ हात नधोएर नै हुने गर्छ। शुद्ध खानेपानी र सरसफाइका कारण ८८ प्रतिशत झाडापखाला हुने गर्छ, मिचीमिची साबुनपानीले हात धुँदा झाडापखाला लाग्ने दर र मृत्युदर आधा वा ४५ प्रतिशतले कम हुन जान्छ।**

यही असोज ११ र १२ गतेको अविरल वर्षापछि प्रभावित जिल्ला र पालिकाका नागरिकहरूको खानपान जीवनशैली र बसोबासमा असर परेको छ। उपलब्ध आधारभूत सेवा खानेपानी, शौचालय, बत्ती, स्वास्थ्य सबै आधारभूत सेवामा असर परेको छ। तत्काल खोज, उद्धार, राहत र उपचारपछि अब महामारीको जोखिम कसरी कम गर्नेमा सबैको ध्यान जरुरी छ। प्रदूषित पानी, खाना, लामखुट्टेको वृद्धि र विकास, अस्वस्थ तथा पानीको न्यून उपलब्धता, सामूहिक विकास र भएको धनजनको क्षतिले पारेको मानसिक समस्याले सङ्क्रमण र प्रकोपको जोखिम बढाउँछ।

मानवजीवनको सबैभन्दा ठूलो सम्पत्ति भनेको स्वास्थ्य हो। अस्वस्थ भइसकेपछि उपचार गर्ने र स्वस्थ हुने प्रयत्नभन्दा रोग लाग्न नदिनु नै सबैभन्दा बढी सुरक्षा र बुद्धिमता मानिन्छ। नेपाल खुला दिसामुक्त देश घोषणा भएको २०७६ देखि हाल चार वर्ष नाघे पनि तराईमा मैदान जाने क्रममा कमी आएको छैन। खानेपानी मन्त्रालयका अनुसार एक दशक अघि कुल ८५ प्रतिशतमाझ खानेपानीको पहुँच पुगेकामा हाल ९४ प्रतिशत र ७५ प्रतिशत घरमा शौचालय रहेकामा हाल ९५ प्रतिशत पुगेको छ। त्यस्तै, देशभर १० प्रतिशत ढलसहितको व्यवस्थापन र प्रशोधित फोहर पानीको स्तर तीन प्रतिशतमा सीमित छ। तथापि सरसफाइजन्य सङ्क्रमणमा उल्लेखनीय कमी आएको छैन। किनभने पूर्ण सरसफाइका ५+१ विषय र सूचकहरूका कार्यान्वयन नै पूर्ण सरसफाइयुक्त हो। उक्त विषय र सूचकहरूमा चर्पीको प्रयोग, पानी प्रयोगसम्बन्धी सुरक्षित व्यवहार, साबुनपानीले हातधुने बानी (चर्पीको प्रयोगपछि, खाना बनाउनु, खानु र खुवाउनु अघि, कुनै फोहर कुरा वा विषादी छोएपछि र बिरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछि), खाना प्रयोगसम्बन्धी सुरक्षित व्यवहार, सफा घरआँगन र सफा वातावरण पर्छन्।

रोगीको मलमूत्रलाई पानीको मुहाननजीक वा जथाभावी नफाली खाल्डोभित्र पुर्नुपर्छ। खानेकुरालाई झिंगाबाट बचाउनुपर्छ। झिंगा लागेको, बासी, सडेगलेका, नपाकेका, चिसिएको खुला स्थानका खाद्य पदार्थ खानुहुँदैन। बजारको बरफ, आइसक्रिम तथा दुग्धजन्य पदार्थ खानुहुँदैन। आफैंले बोक्रा ताछेका फलहरू मात्र खाऔं। तातो खाना, तरकारी राम्ररी पकाएर मात्र खाऔं। सम्भव भए दाँत माझ्दा पनि उमालेर चिसिएको पानी प्रयोग गर्नु राम्रो हुन्छ। गाजर, मूलालगायतका हरियो सलाद सङ्क्रमणमुक्त बनाएर मात्र सेवन गर्नुपर्छ। उपलब्ध सबै तरल पदार्थ उमालेर मात्र प्रयोग गर्नुपर्छ। पटकपटक र कम्तीमा खाना खानुअघि र दिसापिसाबपछि सङ्क्रमणमुक्त झोल वा साबुनले हात धुनै पर्छ। भान्साकोठामा प्रयोग गरिने सबै सरसामान सङ्क्रमणमुक्त बनाएर मात्र प्रयोग गर्नुपर्छ।

**हात धुँदाका फाइदा**

झाडापखाला सबैभन्दा बढी खानेपानी र सरसफाइ हात नधोएर नै हुने गर्छ। शुद्ध खानेपानी र सरसफाइका कारण ८८ प्रतिशत झाडापखाला हुने गर्छ, मिचीमिची साबुनपानीले हात धुँदा झाडापखाला लाग्ने दर र मृत्युदर आधा वा ४५ प्रतिशतले कम हुन जान्छ। साबुनपानीले हातधुने बानी बसाल्दा श्वासप्रश्वासजन्य सङ्क्रामक रोगहरू तथा त्यसबाट हुने मृत्यु ५० प्रतिशत कम हुन्छ। सुँडेनीले हात धोएर प्रसव गराउँदा १९ प्रतिशत तथा सुत्केरी आमाले साबुनपानीले हात धोएर नवजात शिशुको स्याहार गर्दा ४४ प्रतिशतले नवजात शिशुको मृत्युदरमा कमी आउँछ। विद्यालयमा साबुनपानीले हात धुवाउँदा बालबालिकामा लाग्ने सङ्क्रामक रोग ५० प्रतिशतले कम हुन्छ। झाडापखालालाई पानीजन्य रोग भनिए पनि हातधुने बानीले कम गर्न सकिने डब्लुएचओले जनाएको छ।

लन्डन स्कूल अफ हाइजिनलगायतका विभिन्न निकायहरूको खोज, अनुसन्धानमा हातधुने बानीले छातीको सङ्क्रमण, निमोनिया हुने दर, पेटमा जुका, छाला र आँखाको सङ्क्रमणसमेत न्यून हुन्छ। अमेरिकाको सिडिसीका अनुसार उचित तरीकाले हात धोएर आधाजति खाद्यजन्य रोगहरू पनि कम गर्न सकिन्छ। स्कूले विद्यार्थीमा गरिएको सर्वेक्षणमा चारपटक हात धुनेमा श्वासप्रश्वास रोग २४ प्रतिशत र पेटसम्बन्धी रोग ५१ प्रतिशतले कम भएको देखिएको छ। सङ्क्रमणको कारण खानामा विषाक्त हुने, पेट दुख्ने, झाडापखाला लाग्ने, बान्ता हुने, टाउको दुख्ने तथा पेटमा अन्य रोग लाग्न सक्छ। प्रतिरोधात्मक क्षमता कम भएका तथा दीर्घरोगीलाई तुरुन्तै असर देखिन सक्छ। बालबालिका र वृद्धाहरूमा बढी समस्या देखिने सम्भावना हुन्छ। तसर्थ विपद् र बाढी, पहिरो र डुबानपछि झनै हातको सरसफाइको महत्त्व छ।

**लामखुट्टेजन्य रोगहरू**

अव्यवस्थित शहरीकरण, स्वास्थ्य असावधानी तथा मौसम परिवर्तनका कारण डेङ्गी, औलो, कालाजार, हात्तीपाइलेलगायतका कीटजन्य रोग दिन प्रतिदिन बढ्दै र प्रकोपको रूप लिंदैछ। जनस्वास्थ्यका दृष्टिले रोगको उपचारभन्दा नियन्त्रण महत्त्वपूर्ण रहन्छ। यसका लागि लामखुट्टको बासस्थान, जीवनचक्र, सार्ने कीटाणुका प्रकार, स्वरूप आदिका बारेमा गहन अनुसन्धान हुनुपर्छ। यसैका लागि स्थापना भएको कीटजन्य रोग अनुसन्धान केन्द्र त्यत्ति प्रभावकारीरूपमा अघि बढेको देखिंदैन।

लामखुट्टेको टोकाइबाट ब्याक्टेरिया, भाइरस र परजीवीद्वारा लाग्ने छ खतरनाक रोग पर्छन। सङ्क्रमित एनोफिलिज लामखुट्टेको टोकाइले प्लाज्मोडियम परजीवीबाट लाग्ने औलो, एडिज एजिप्टाई र केही हदसम्म अल्बोपिक्टस लामखुट्टेको टोकाइबाट डेङ्गी ज्वरो, एडिज प्रजातिको लामखुट्टेको टोकाइबाट जिका फिवर, एडिज एजिप्टाई र अल्बोपिक्टस लामखुट्टेको टोकाइबाट चिकनगुनिया, लामखुट्टेको टोकाइबाट बुचेरीया ब्यान्क्राफ्टी, ब्रुइयामलयी, ब्रुइयाटिमोरीजस्ता परजीवीले लिम्फेटिक फिलिरियासिस र लामखुट्टेको टोकाइबाट जापानीज इन्सेफलाइटिस पर्छन्। संसारभर लामखुट्टेको टोकाइबाट हरेक वर्ष १० लाखभन्दा बढी मानिसको मृत्यु हुने गरेको छ। यसको अधिकांश हिस्सा औलोले लिने गरेको छ।

सफा पानीमा पाइने पोथी एडिस एजिप्टीले दिउँसो मात्र टोक्दा हुने डेङ्गी सङ्क्रमण टाइप १ बाट २ मा जाने, मृत्यु कम हुने क्लासिकबाट बढी मृत्यु हुने, हेमोरेजिक र शक डेङ्गीमा जान सक्ने, मुलुकका केही स्थानका ठूला अस्पताल र मेडिकल कलेजमा मात्र उपलब्ध भेन्टिलेटर, जनचेतनामा कमी, रक्तसञ्चार सेवा तथा रगतको अभाव आदिले सङ्क्रमण बढे धेरै धनजनको क्षति हुन सक्छ। औलो उन्मूलन भइसकेको घोषणा गरिएको भनिए पनि नेपाल सरकार इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण केन्द्रका अनुसार नेपालका ६५ वटा जिल्ला (५२ वटा सामान्य समस्याग्रस्त र १३ अति नै प्रभावित) र ७५ प्रतिशतभन्दा बढी जनता अझै पनि जोखिममा छन्। त्यसो त महामारी देखाउने औलो, डेङ्गी, इन्सेफ्लाइटिस, फिलिरियालगायतका भेक्टरबर्न सङ्क्रमण लामखुट्टेको टोकाइबाट मात्र सर्छ।

यस्ता रोग फैलिन तथा परजीवीको विकास र जीवनचक्र पूरा हुन लामखुट्टे र मानिस नभई हुँदैन। तसर्थ रोकथामका उपाय भन्नासाथ लामखुट्टेको विकास र जीवनचक्र नाश गर्नुपर्छ। जीवनचक्र पूरा हुन नदिन लामखुट्टेको टोकाइबाट मानिस पनि जोगिने गर्नुपर्छ। कुनै पनि किसिमको पानी जम्ने ठाउँ हुनुहुँदैन, फोहोरलाई पुर्ने, सुकाउने, गाड्ने वा जलाउने गर्नुपर्छ। लामखुट्टेको टोकाइबाट बच्न घरको झ्यालढोकामा मसिनो जालीको प्रयोग गर्ने, सुत्दा कीटनाशक झुलको प्रयोग गर्ने, पङ्खा, एयरकुलर, एयर कन्डिसन प्रयोग गर्ने गर्नुपर्छ। जाली र झुलको व्यवस्था हुन नसक्ने ठाउँमा लामखुट्टे भगाउने धुप, झोलको प्रयोग गर्ने, घरबाहिर जाँदा शरीरको खुल्ला भागमा लामखुट्टे धपाउने मलमको प्रयोग गर्ने वा तोरीको तेल, नीमको तेल वा लामखुट्टे रिपेलेन्ट दलेर बस्ने र सुत्ने र प्रभावित क्षेत्रमा जाँदा वा बस्दा पूरै शरीर ढाकिने गरी पूरा लामो बाहुला भएको सेतो हलुका रङको कमिज र पाइन्ट लगाउनुपर्छ। लामखुट्टे नाश गर्न आआफ्नो घरगोठमा कीटनाशक औषधि छर्कने, औषधि छर्केको तीनदेखि छ महीनासम्म लामखुट्टे मर्ने भएकाले कीटनाशक छर्केको भित्तामा कम्तीमा तीन महीनासम्म लिपपोत नगर्ने, कीटनाशकयुक्त झुलको प्रयोग गर्ने, पानी सोस्ने रूखहरू जामुन, सिमल, मसला रोप्नुपर्छ। सडकका खाल्डाखुल्डी पुर्ने, पोखरी, इनार र कुलोको वरिपरिको घाँसपात सफा गर्ने, मटीतेल, डिजल, डिडिटी मालाथियन, क्लोडिन, डेल्ड्रिन छर्कने, जमेको पानीलाई बग्न दिने गर्नुपर्छ। लामखुट्टेको बच्चा विनाश गर्न लामखुट्टेले विशेषगरी जमेको पानीमा फुल पार्ने र प्रजनन गर्ने भएकाले त्यस्ता खाल्डा तुरुन्त पुरिदिएमा वा सात दिनभित्र सुकाउने, जमेको पानीलाई बगाइदिने गर्दा फुल र लार्भाहरू मर्छन्। गाउँका पोखरी, दह, तलाउ, नाला र खाल्डामा लामखुट्टेको लार्भा खाने माछा पाल्ने, घरवरिपरि जमेको पानीमा मटीतेल, डिजल, डिडिटी छर्कने, जामुन, सिमल, मसलाजस्ता पानी सोस्ने रूखहरू पानी जम्ने ठाउँमा रोप्ने गर्दा पनि बच्न सकिन्छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रतिकार्यमा प्रभावित प्रदेश, जिल्ला र स्थानीय तहसँगको सहकार्य, समन्वयमा स्थानीय तहका द्रुत प्रतिकार्य टोली परिचालन, नियमित केस अनुसन्धान, प्रभावित स्थानमा थप सक्रिय बिरामीको खोजी, सम्पर्कमा रहेकाहरूको लक्षणको निगरानी तथा स्वास्थ्य शिक्षाका सामग्रीहरू तयार र प्रसारण गरिरहेको छ। निगरानी अन्तर्गत झाडापखालाका बिरामीहरूको १४४ अस्पतालमा नियमितरूपमा हैजाको निगरानी, खानेपानीको गुणस्तरमा निगरानी, एउटै टोलमा एक हप्तामा पाँचजना बढीमा झाडापखालाका बिरामी देखिएमा टोल फ्री हटलाइन नम्बर १११५ मा सम्पर्क गर्न सकिने व्यवस्था गरेको छ। बिरामी देखिएका स्थानहरूमा खानेपानीको नमूना जाँच, खानेपानीको शुद्धीकरण तथा व्यक्तिगत सरसफाइका जनचेतनामूलक कार्यक्रम सञ्चालन, खानेपानी शुद्धीकरणजस्त कार्यहरू स्थानीय तह र विकास साझेदारसँगको समन्वयमा भइरहेको छ। खानेपानी गुणस्तर समितिलाई सक्रिय बनाइएको छ। आवश्यकता अनुसार विज्ञ परिचालन र अन्तरमन्त्रालय, प्रदेश, तह एकीकृत समन्वय तथा सहकार्य गर्दैछ। एकीकृत पानीजन्य स्वास्थ्य प्रकोप नियन्त्रण गर्न स्वास्थ्य मन्त्रालय र खानेपानी मन्त्रालयका सहसचिवको नेतृत्वमा सात सदस्यीय समिति बनेको छ।

**स्वास्थ्य संस्थाभित्र पनि बाढी**

असोज ११ र १२ गतेको अविरल वर्षापछि देशभरका ५७ वटा स्वास्थ्य संस्थाहरूमा क्षति पुगेको छ। यसमा पाँचवटामा पूरै क्षति भएकाले अस्थायी पाल वा टहराबाट आधारभूत सेवा प्रदान

(बाँकी पाँचौं पातामा)



**उपल्लो मुस्ताङको पृथक पहाडः** मुस्ताङ हुँदै डोल्पा जोड्ने सडकबाट देखिएको उपल्लो मुस्ताङमा पर्ने वारागुङ मुक्तिक्षेत्र–३ लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकाको उजाड पहाडको दृश्य। तस्बिरः सन्तोष गौतम/रासस

## फरक समाचार

# घरको विषाक्त पदार्थ चुस्ने बोटबिरुवा

साधारणतया हामी घरबाहिरको प्रदूषणलाई मात्र ध्यान दिन्छौं, जबकि घरभित्र पनि कम प्रदूषण हुँदैन। घरभित्रको प्रदूषित हावा, धूलोकण, केमिकल, एस्बेस्टस, बाथरूमको ब्याक्टेरिया, भान्साको केमिकल, सुर्ती, कार्बनडाइअक्साइड, पेटबाट निस्किने ग्याँस आदिका कारण विषालु ग्याँस बन्छ। घरभित्र धूम्रपान गर्दा सात हजारभन्दा बढी विषालु ग्याँस बन्न सक्छ। यसमध्ये मिथेन, बैन्जिन, लेड, कार्बन मोनोअक्साइड, पोलिसाइक्लिक हाइड्रोकार्बन, फर्मलडिहाइड जस्ता विषालु ग्याँस निस्किन्छ। विश्व स्वास्थ्य सङ्गठन अनुसार घरभित्रको प्रदूषणको कारण हरेक वर्ष करीब ३२ लाख व्यक्तिको मृत्यु हुन्छ। स्ट्रोक, मुटुरोग, क्रोनिक अब्स्ट्रक्टिभ पल्मोनरी डिजिज, फोक्सोको क्यान्सरलगायत रोग हुन्छ। घरभित्र प्रदूषण नहोस्, यसको लागि सही तरीकाबाट भेन्टिलेशन लगाउनुपर्छ र घरभित्रको सरसफाइ पनि गर्नुपर्छ। साथै केही बोटबिरुवा घरभित्र राखेको खण्डमा हानिकारक रसायन र टक्सिनलाई चुसेर थुप्रै रोगबाट बचाउँछ।



**१) स्पाइडर प्लान्ट–** यसलाई सजिलै घरभित्र लगाउन सकिन्छ। यसको पात सर्पसरह हुन्छ तर घना हुन्छ। यसले घरभित्रको विषालु रसायन चुस्ने गर्छ। स्पाइडर प्लान्टले घरभित्रको टोलिन, कार्बन मोनोअक्साइड, जाइलिन, बेन्जिन, फर्मलडिहाइड जस्ता हानिकारक केमिकल सोस्ने गर्छ।



**२) पिस लिली–** नामअनुरूप नै पिस लिली बिरुवाले निकै शान्तिको आभास गराउँछ। हेर्दा निकै सुन्दर देखिने यसले घरभित्र ठूलो काम गर्छ। घरभित्रबाट बेन्जिन, जाइलिन, अमोनिया, फर्मलडिहाइड, ट्राइक्लोरोथाइलिन जस्ता विषालु रसायन अवशोषण गर्छ। यसको साथै यसले एसिटोन वेपरलाई पनि सोस्छ। सबैभन्दा मुख्य कुरा यो बिरुवालाई घरभित्र राख्दा आनन्दको अनुभूति हुन्छ।



**३) बैम्बु पाम–** यो पाम रूखसरह नै हुन्छ। एयर प्युरिफायरको लागि यो गजबको बोट हो। हेर्दा सुन्दर देखिने यसले घरभित्रको फर्मलडिहाइडलाई सोस्छ। खाना पकाउने क्रममा कहिलेकाहीं बढी मात्रामा हानिकारक फर्मलडिहाइड निस्किन्छ। यसको साथै यसले बेन्जिन, जाइलिन, टोलिन ग्याँसलाई पनि सोस्छ।



**४) एरेका पाम प्लान्ट–** यो पाम रूखकै एउटा किसिम हो। एरेका पाम प्लान्टको प्रयोग सबैभन्दा बढी एयर प्युरिफायरको रूपमा हुन्छ। यसले घरभित्र राखिने अन्य बोटबिरुवाको तुलनामा बढी अक्सिजन उत्पादन गर्छ। साथै यसले ह्युमिडिटीको स्तर पनि कम गर्छ। बेन्जिन, टोलिन, फर्मलडिहाइड, ट्राइक्लोरोइथिलिन आदि ग्याँसलाई सोस्छ।



**५) विपिङ फिगः** यो बोट एयर प्युरिफायरको साथसाथै हर्बल प्लान्ट पनि हो। यस बोटको जरा, हाँगामा औषधीय गुण हुन्छ। हेर्दा निकै सुन्दर देखिने यो एक प्रकारको इन्डोर बोनसाइ हो। यो तीन फिटसम्म अग्लो हुन सक्छ। यसले बेन्जिन, फर्मलडिहाइड र ट्राइक्लोरोइथिलिनलाई सोस्छ।

# फेसरोलरको फाइदा

अनुहारको छालालाई जवान बनाइराख्न थुप्रै सौन्दर्य प्रशाधन र उत्पादन प्रयोग गर्छौं। अनुहारको छाला निकै नाजुक हुन्छ तसर्थ यसको हेरचाह गर्दा धेरै केमिकलयुक्त प्रशाधनको प्रयोग गर्नुहुँदैन। लामो समयसम्म अनुहारको छाला जवान बनाइराख्न फेसरोलको प्रयोग गर्न सकिन्छ। आजभोलि यसको प्रयोग पनि हुने गर्छ। फेसरोलरले छालाको रक्तसञ्चार सही गर्छ र अनुहार चम्काउँछ, मांसपेशीमा आराम पुर्‍याउँछ।



फेसरोलर निकै सस्तो हुन्छ र बजारमा थुप्रै प्रकारका फेसरोलर पाइन्छन्। हरेक प्रकारको छालामा यसले सही काम गर्छ। अनुहारको छाला, घाँटी, निधार आदि मसाज गर्दा छालामा रक्तसञ्चार प्रवाह हुनुका साथै अनुहार चम्किलो हुन्छ। चायापोते, डन्डीफोर आदिबाट छुटकारा पनि पाउन सकिन्छ।

त्यस्तै, अनुहार सुन्निएको छ भने यसको प्रयोग गर्न सकिन्छ। फेसरोलरबाट मसाज गर्दा मूड पनि राम्रो हुन्छ र यसबाट रौंका छिद्र कस्सिन्छ। फेसरोलरको प्रयोग बढ्दो उमेरमा पनि गर्न सकिन्छ। यसले छालालाई टाइट बनाउँछ। लचिलोपनलाई सन्तुलित बनाउँछ। फाइन लाइन्स, एजिङ लक्षणलाई टाढा गर्छ र बुढेसकालको लक्षण अनुहारमा देखिंदैन।

राति सुत्नुभन्दा पहिले फेसरोलरको प्रयोग गर्दा मांसपेशीलाई आराम पुग्छ। छालाले खुलेर सास फेर्न सक्छ। दाग–धब्बा आदिबाट छुटकारा पाइन्छ। फेसरोलर प्रयोग गर्दा अनुहारमा कुनै तेल वा मोइस्चराइजर लगाउनुपर्छ। त्यसपछि यसबाट मसाज गर्नुपर्छ। प्रतिदिन बिहान वा राति सुत्नुभन्दा पहिले चार–पाँच मिनेट फेसरोलर प्रयोग गर्नुपर्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## हमास आक्रमणको एक वर्ष, इजरायलमा सावधानी

जेरुसेलम, २० असोज/एएफपी

इजरायलले आफ्नो भूमिमा प्यालेस्टिनी इस्लामिक लडाकू समूह हमासले अक्टोबर ७ मा गरेको आक्रमणको वर्ष दिनको पूर्वसन्ध्यामा शनिवार आफ्ना सेनालाई तयारी अवस्थामा राखेको छ।

इजरायली सैन्य अधिकारीले इरानले गरेको क्षेप्यास्त्र आक्रमणको बदला लिने तयारी गरिरहेको बताएका छन्।

इजरायलले लेबनानी समूह हिजबुल्लाहसँग युद्ध चर्किरहेका बेला सैन्य प्रमुख लेफ्टिनेन्ट जनरल हर्जी हालेभीले 'कुनै छुट वा राहतविना' आक्रमण हुने बताएका छन्।

सेनाका प्रवक्ता रियर एडमिरल ड्यानियल हेगारीले अक्टुबर ७ को भयानक वर्षगाँठको पूर्वसन्ध्यामा टेलिभिजनमा प्रसारण गरिएको ब्रिफिङमा भने–"हामी यस दिनको लागि थप सेनाका साथ तयार छौं।"

अक्टोबर ७ मा प्यालेस्टिनी समूहले इजरायलमाथि एक्कासि गरेको आक्रमणमा परी १,२०५ जनाको मृत्यु भएको थियो। आक्रमणमा अधिकांश सर्वसाधारणको मृत्यु भएको थियो।

एक वर्षपछि पनि गाजामा युद्ध जारी छ भने इजरायलले आफ्नो ध्यान लेबनान र इरान समर्थित हिजबुल्लाहतर्फ केन्द्रित गरेको छ।

लेबनानको हिजबुल्लाहविरुद्ध इजरायली सेनाले 'लक्षित' कारबाई शुरू गरेयता स्थल र हवाई आक्रमणमा करीब ४४० हिजबुल्लाह लडाकू मारिएका बताएको छ।

इजरायलले आफ्नो देशको उत्तरी क्षेत्रमा हिजबुल्लाहको रकेट आक्रमणका कारण विस्थापित भएका हजारौं नागरिकलाई स्वदेश फर्कन दिने लक्ष्य राखेको जनाएको छ।

इजरायलका राष्ट्रपति आइज्याक हर्जोगले मध्यपूर्वका सशस्त्र समूहलाई समर्थन गर्ने तेहरानले इजरायलमा करीब २०० क्षेप्यास्त्र प्रहार गरेपछि इरानबाट 'खतरा' रहेको बताएका छन्। रासस

## गाजास्थित मस्जिद आक्रमणमा २१ जनाको मृत्यु

गाजा, २०/एएफपी

गाजाको नागरिक सुरक्षा निकायले आइतवार मध्य देइर अल–बालाहमा रहेको एक मस्जिद परिसरमा भएको इजरायली आक्रमणमा २१ जनाको मृत्यु भएको जनाएको छ।

मस्जिदलाई पछिल्लो समय विस्थापित स्थल बनाइएको थियो।

"गाजाको मध्य क्षेत्र देइर अल–बालाहस्थित अल अक्सा शहीद अस्पतालको गेट अगाडि इजरायलले गरेको बमबारीका कारण मृत्यु हुनेको सङ्ख्या २१ पुगेको छ भने ठूलो सङ्ख्यामा मानिस घाइते भएका छन्"–एजेन्सीका प्रवक्ता महमुद बसालले भने।

इजरायली सेनाले एक विज्ञप्ति जारी गर्दै आक्रमणको जिम्मेवारी लिएको छ। विज्ञप्तिमा भनिएको छ–"मस्जिदमा रहेको कमान्ड एण्ड कन्ट्रोल सेन्टरभित्र सक्रिय हमासका आतङ्ककारीमाथि आक्रमण गरिएको हो।" रासस

## इजरायली धम्कीपछि इरानी मन्त्रीद्वारा प्रमुख स्थलको भ्रमण

तेहरान, २० असोज/एएफपी

इरानको तेल सुविधा जस्ता महत्त्वपूर्ण स्थललाई लक्षित गर्ने सम्भावित इजरायली हवाई आक्रमणको चिन्ताका बीच इरानका तेलमन्त्री मोहसेन पाकनेजादले आइतवार खार्ग टापुमा रहेको एउटा तेल सुविधाको भ्रमण गरेका छन्।

इरानले यस साता आफ्नो कट्टर शत्रुमाथि क्षेप्यास्त्र प्रहार गरेपछि इजरायलले जवाफी कारबाहीको तयारी गरिरहेको एक इजरायली अधिकारीले बताएपछि यो भ्रमण भएको हो।

सेप्टेम्बर २७ मा बेरुतमा भएको आक्रमणमा हिजबुल्लाहका नेता हसन नसरल्लाह र इरानी जनरल अब्बास निलफोरोसनको मृत्युको बदला लिन दुई सयवटा क्षेप्यास्त्र प्रहार गरिएको इरानको रिभोल्युसनरी गार्ड कर्प्सले बताएको थियो।

पाकनेजादले बिहान खार्ग टापुको तेल सुविधामा पुगेर कर्मचारीहरूसँग भेट गरेको उनको मन्त्रालयको समाचार एजेन्सी सानाले बताएको छ। "हामी हाम्रा शत्रुहरूले सङ्कट उत्पन्न गर्नेछन् भन्ने कुराले डराउँदैनौं र यस क्षेत्रको भ्रमण एउटा सामान्य व्यावसायिक भ्रमण हो," उनले सरकारी टेलिभिजनमा भने।

खाडीमा अवस्थित खार्ग टापु इरानको सबैभन्दा ठूलो कच्चा तेल निर्यात टर्मिनल भएको स्थान हो।

इरानले मङ्गलवार आफ्नो क्षेत्रमा गरेको क्षेप्यास्त्र आक्रमणको जवाफी तयार गरिरहेको इजरायलको घोषणापछि पाकनेजादको भ्रमण भएको हो।

अमेरिकी राष्ट्रपति जो बाइडेनले बिहीवार इरानका तेल सुविधाहरूमा सम्भावित आक्रमणबारे इजरायलसँग छलफल गरिरहेको बताएका थिए। उक्त भनाइपछि तेलको मूल्य बढेको थियो।

तर शुक्रवार बाइडेनले इजरायललाई इरानका तेल सुविधाहरूमा आक्रमण नगर्न बरु अन्य विकल्प खोज्न आग्रह गरेका थिए।

इजरायली धम्कीपछि इरानका विदेशमन्त्री अब्बास अराघचीले शनिवार इजरायलले इरानमाथि आक्रमण गरे इरानबाट समानुपातिक र समान प्रतिक्रिया हुने र अझ बलियो हुने चेतावनी दिएका थिए। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – वादविवाद | वृष – यात्रालाभ |
| मिथुन – कडापरिश्रम | कर्कट – सन्तानसुख |
| सिंह – भयचिन्ता | कन्या – विजय |
| तुला – धनलाभ | वृश्चिक – भाग्योदय |
| धनु – बेचैनी | मकर – मनोरञ्जन |
| कुम्भ – कर्मप्राप्ति | मीन – प्रगति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## जापानी वृद्धवृद्धाको नजीकको नातेदार नहुने

टोकियो, २० असोज/एएफपी

जापानमा सन् २०५० मा ६५ वर्ष वा सोभन्दा बढी उमेर समूहका व्यक्तिको सङ्ख्या १.५ गुणाले वृद्धि हुने र १० प्रतिशतभन्दा बढी वृद्धवृद्धा नजीकको आफन्तविहीन हुने स्थानीय सञ्चारमाध्यमले हालै सार्वजनिक रिपोर्टलाई उद्धृत गरी आइतवार जनाएका छन्।

जापान रिसर्च इन्स्टिच्युटले गरेको सर्वेक्षण अनुसार हाल ६५ वर्ष वा सोभन्दा बढी उमेर समूहका वृद्धवृद्धाको सङ्ख्या ४४ लाख ८० हजार छ। सन् २०५० सम्ममा यो सङ्ख्या तीन करोड ९० लाखभन्दा माथि पुग्ने अनुमान गरिएको छ।

क्योदो न्यूजका अनुसार जापानमा विवाह गर्नेको सङ्ख्या कम भएकाले वृद्ध जनसङ्ख्या बढ्दै गएको र यस्तो अवस्थामा अस्पताल र हेरचाह गृहमा रहेका वृद्धवृद्धाको कसले प्रत्याभूतिको भूमिका निर्वाह गर्ने भन्ने चिन्ता बढेको छ।

जापानको नागरिक संहिताले आफ्नो वृद्ध परिवारका सदस्यलाई सहयोग गर्ने



जिम्मेवारी तीन पुस्ताभित्रका नातेदारलाई दिएको प्रतिवेदनमा उल्लेख छ।

नेशनल इन्स्टिच्युट अफ पपुलेशन एन्ड सोसियल सेक्युरिटी रिसर्चको तथ्याङ्कमा आधारित अनुमान अनुसार कुनै नजीकको नातेदार नभएका र सार्वजनिक दीर्घकालीन हेरचाह बीमा अन्तर्गत दीर्घकालीन हेरचाह वा समर्थनको आवश्यकताको रूपमा प्रमाणित भएका वृद्ध व्यक्तिहरू सन् २०५० मा तीन करोड ४० हजारदेखि पाँच करोड ९० हजारसम्म पुग्ने अनुमान गरिएको छ। रासस


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com




राजदेवी मन्दिरको द्वारः हिन्दूहरूको महान् चाड दशैंको अवसरमा आकर्षक तरीकाले सिङ्गारिएको जनकपुरधामस्थित प्रसिद्ध राजदेवी मन्दिरको द्वार। तस्बिरः अमरेन्द्रकुमार यादव/रासस

## नेपालको पश्चिम क्षेत्रबाट मनसुन बाहिरिन शुरू

काठमाडौं, २० असोज/रासस

यस वर्षको मनसुन आजदेखि बाहिरिन थालेको छ। निर्धारित समयभन्दा चार दिनपछि मनसुन बाहिरन शुरू गरेको हो।

सुदूरपश्चिम प्रदेशलगायत कर्णाली प्रदेशका धेरै तथा लुम्बिनी प्रदेशका पश्चिमी भूभागका थोरै स्थानबाट मनसुन आज बाहिरिएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ। मनसुनी वायु कमजोर हुँदै गइरहेकाले नेपालको बाँकी भूभागबाट पनि केही दिनमा मनसुन बाहिरिने सम्भावना रहेको मौसमविद् रोजन लामिछानेले बताए।

विभागको मौसम पूर्वानुमान महाशाखाले मनसुन बाहिरिन थालेपछि आगामी तीन दिन भने केही ठाउँमा वर्षाको सम्भावना रहेको जनाएको छ। आज कोशी, गण्डकी, बाग्मती र लुम्बिनी प्रदेशका एक/दुई स्थानमा हल्का वर्षा भएको पनि जनाइएको छ।

केही दिनदेखि तापक्रम पनि घट्दै गएको छ। अब पश्चिमी वायुको सक्रियता बढ्दै जाने र थप चीसो पनि बढ्ने महाशाखाले जनाएको छ। यस वर्ष नेपालमा गएको जेठ २८ गते मनसुन भित्रिएको थियो। एक दिन ढिला गरी भित्रिएको मनसुन चार दिन ढिला गरी बाहिरिन थालेको छ। मनसुन देशैभरि फैलिन भने अर्को एक हप्ता लागेको थियो।

## नेक्सजेनको साधारणसभा सम्पन्न

प्रस, वीरगंज, २० असोज/

नेक्सजेन म्यानेजमेन्ट सोलुसन्सको हिजो शनिवार सातौं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

सभाले आव २०८०/८१ को वित्तीय विवरण पास गर्दै शेयरधनीहरूलाई पाँच प्रतिशत नगद लाभांश वितरणको प्रस्ताव पारित गरेको छ।

सभाले कम्पनीको नाम परिवर्तन गरी नेक्सजेन म्यानेजमेन्ट एन्ड इक्विटी सोलुसन्स प्रालि राख्ने निर्णय गरेको छ। कम्पनीले भविष्यमा नियामक निकायको स्वीकृति लिएर पोर्टफोलियो म्यानेजमेन्ट तथा प्राइभेट इक्विटी र भेन्चर क्यापिटलको कामसमेत गर्ने योजना बनाएको र पूँजी वृद्धि तथा समान प्रकृतिका कम्पनीबीच मर्जर गर्ने निर्णय गरेको निवर्तमान अध्यक्ष रमेशकुमार भट्टराईले बताए।

साधारणसभाले आगामी चार वर्षको लागि देवेन्द्रप्रताप शाह, रमेशकुमार भट्टराई, बलराम विष्ट, अजयकुमार मिश्र र शिवराज दवाडीलाई सञ्चालकमा निर्विरोध मनोनयन गरेको छ।

सञ्चालकहरूले देवेन्द्रप्रताप शाहलाई अध्यक्ष र रमेशकुमार भट्टराईलाई प्रबन्ध सञ्चालकमा मनोनयन गर्ने घोषणा गरेको थियो।




**अनुदान ...**

प्रतिक्विन्टल रु ६१० कायम गरेको थियो। किसानले प्रतिक्विन्टल रु ७५० हुनुपर्ने माग गरेका थिए।

सरकारले पछिल्ला तीन वर्षयता उखुको अनुदान रकममा प्रतिक्विन्टल रु पाँच बढाएर रु ७० पुर्‍याएको हो। उखुको समयमा नै भुक्तानी तथा सरकारबाट अनुदान पनि पाएका यहाँका किसान उखुखेती विस्तार गर्ने योजनामा रहेका उखु उत्पादक कृषक सङ्घका अध्यक्ष नरेशसिंह कुशवाहाले बताए। हाल यहाँ १० हजार बिघामा उखुखेती भएको छ। उनले उखु उत्पादक किसानको सहभागितामा प्रत्येक वर्ष 'क्रसिङ सिजन'अगावैको मूल्य निर्धारण हुनुपर्नेमा जोड दिए।

**बाढी ...**

गरिरहेका छन्। स्वास्थ्य संस्थामा बाढी पसेपछि र डुबानमा परेपछि कीटाणुयुक्त भएकाले ज्ञात अज्ञात सङ्क्रमण फैलने जोखिम छ। पानी जम्मा रहँदा डेङ्गीलगायत कीटजन्य सङ्क्रमण बढ्न सक्छ, लेप्टोस्पाइरोसिस हुन सक्छ। काठमाडौंका धेरै अस्पतालमा बाढीको हिलाम्यै पानी पसेको सम्भवतः पहिलोपटक हो। यसले उपचाररत बिरामीलाई भिन्दै अस्पतालमा सार्नुपरेको थियो भने उपचारका लागि जानेमा समेत प्रभाव पारेको छ। ती अस्पताललाई सङ्क्रमणरहित बनाउनुपर्ने पहिलो आवश्यकता छ। घरवारविहीन बालबालिका, गर्भवती महिला र दीर्घरोगी ज्येष्ठ नागरिकहरू सबैभन्दा बढी प्रभावित र जोखिममा छन्। सङ्क्रमणयुक्त स्वास्थ्य संस्थाहरूबाट सङ्क्रामक रोगहरूको उच्च जोखिम रहन्छ, जसलाई हस्पिटल एक्वाइरड अर्थात् नोसोकोमियल इन्फेक्सन भनिन्छ। यस्तो समय अस्पतालमा हुने सङ्क्रमण नियन्त्रण एकाइ सक्रिय हुन जरुरी हुन्छ।

जुनसुकै स्रोत र मुहानको पानी भएपनि उमालेको वा क्लोरिन/आयोडिनले उपचार गरिएको पानी मात्र प्रयोग गर्नुपर्छ। क्यान्डिल फिल्टरले रोग उत्पन्न गर्ने कीटाणु छान्न नसक्ने भएकाले पानी उमालेर प्रयोग गर्नुपर्छ। पाँच मिनेटसम्म उमालेर सफा भाडोमा चीसो पारेर राखेको पानी मात्र सेवन गर्नुपर्छ। शुद्ध खाना, खानेपानी, पर्याप्त सरसफाइ, व्यक्तिगत स्वच्छता नै हैजालगायतका खाना र पानीजन्य सङ्क्रमणबाट बचाउ गर्ने उपाय हुन्। स्वास्थ्य, शिक्षा र खाद्य सुरक्षा पनि उत्तिकै महत्त्वपूर्ण कारक हुन्। तथ्याङ्क अनुसार सरसफाइमा सुधारले झाडापखालाले हुने मृत्यु ३२ प्रतिशतसम्म कम गर्न सकिन्छ। खानेपानीको गुणस्तरमा सुधारले २५ प्रतिशतसम्म मृत्युदर कम गर्न सकिन्छ। स्वच्छ पानी, सरसफाइ, व्यक्तिगत स्वच्छता तथा हात धुनेजस्ता स्वास्थ्य शिक्षामार्फत झाडापखाला ४५ प्रतिशतसम्म कम गर्न सकिन्छ। खानेपानीलाई क्लोरीनेशन गरेर शुद्ध बनाउँदा झाडापखाला ३९ प्रतिशतसम्म कम गर्न सकिने विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ।

अन्तमा, झाडापखालाजन्य रोगहरू, हैजा, जन्डिस, आउँ, टाइफाइड, झाडापखाला, बान्ता, पेटका रोग, श्वासनलीका रोग, सार्स, घाँटीको सङ्क्रमण, हेपाटाइटिस ए र ई, जुका, ट्राइकुरियोसिस, आँखा पाक्ने, ट्रकोमा, निमोनिया, रुघाखोकी, फ्लु, स्वाइनफ्लु, बर्डफ्लु, क्षयरोग, छालाजन्य सङ्क्रमण र रोगलगायतका निकै सङ्क्रामक रोगहरू र ८० प्रतिशतभन्दा बढी रोगहरू पनि साबुनपानीले हात धुँदा रोक्न सकिन्छ। मिचीमिची साबुनपानीले हात धुँदा कीटाणु, चिल्लोपन र फोहर टुक्रिन्छ र हात मिच्न, घर्षण गराउन, सजिलो, सफा सुगन्धले प्रोत्साहन दिन्छ।

पानीको सेवन उमालेर मात्र प्रयोग गर्ने तथा पूरा बाहुला भएका कपडा लगाउने, झुलमा सुत्नेजस्ता काम गर्दा पनि लामखुट्टेजन्य रोगहरूबाट बच्न सकिन्छ। हात धुन सम्भव नभएमा दुई हातलाई आपसमा मज्जाले रगडेमा पनि कीटाणु मर्छन्। नेपालीहरूमा युरोपेली र अमेरिकीभन्दा रोग प्रतिरोधात्मक शक्ति बढी छ भन्दैमा जे पायो त्यही र जहाँ पायो त्यहीं जसरी पनि खानेलाई रोगले छाड्दैन। रोगलाई प्राविधिक, आर्थिक, सामाजिक र राजनीतिकरूपमा बहुक्षेत्रीय सम्बोधन गरिनुपर्छ। (लेखक स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता एवं नेपाल चिकित्सक सङ्घका केन्द्रीय उपाध्यक्ष हुन्। रासस)


जीराभवानी गाउँपालिका-१ पकडीटोलामा ससाना बालबालिकाहरू मोबाइलमा रमाउँदै। इन्टरनेट सेवा विस्तार भएसँगै पर्साको ग्रामीण क्षेत्रमा बालबालिका, युवा, वृद्धवृद्धाहरूबीचमा पनि मोबाइल प्रयोग बढेको छ। तस्वीर:धर्मेन्द्र चौरसिया

# अनुशासित भएर पत्रकारिता गर्न आग्रह

प्रस, रौतहट, २० असोज/

नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका सदस्य शैलेन्द्र झाले अनुशासित भएर पत्रकारिता गर्न आग्रह गरेका छन्।




बडादशैं, दीपावली तथा छठ पर्वको अवसरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा प्रमुख अतिथि झाले शुभकामना दिँदै पत्रकारिता पेशाप्रति सामाजिक दृष्टिकोण परिवर्तन हुँदै गएकोले सजग र सचेत हुन जरुरी रहेको बताए।

सामाजिक सञ्जालमा पत्रकारहरूले एकअर्काप्रति टीका-टिप्पणी गर्दा पत्रकारप्रति समाजको दृष्टिकोण परिवर्तन हुँदै गएको उनले बताए।

रौतहटमा नेपाल पत्रकार महासङ्घको नयाँ सदस्यता विगत केही वर्षदेखि रोकिएको र यसबाट नयाँ पत्रकारहरूको प्रवेश नभएको बताउँदै उनले यो विषयमा पनि गम्भीर हुन सुझाए। उनले महासङ्घको विधानले विभेद नगरेको तर केन्द्रीय पदाधिकारीहरूको कुनियतले सदस्यता विवाद चुलिएको बताए। उनले जिल्लाले सिफारिश गर्ने, प्रदेशले अनुमोदन गर्ने र त्यसलाई केन्द्रले अभिलेखीकरण गर्ने भन्दै सोविपरीतका गतिविधि भएकाले विवाद निम्त्याएको बताए। उनले रौतहटमा जिल्लाका पूर्वअध्यक्ष रवीन्द्र साहले नयाँ सदस्यता र नवीकरणमा विधानविपरीत कार्य गरेको आरोप लगाए।

नेपाल पत्रकार महासङ्घ, रौतहटका पूर्वअध्यक्ष शैलेन्द्र गुप्ताले आफ्नो कार्यकालमा महिला तथा सक्रिय पत्रकारहरूलाई खोजीखोजी सदस्यता दिएको दाबी गरे। पत्रकार प्रभात झाले पत्रकारिता गर्न अध्ययनको आवश्यकता रहेको बताए। पत्रकार आचारसंहिताको परिपालना गर्दै पत्रकारिता गर्दा सहज हुने उनले बताए।

प्रेस चौतारीका जिल्ला अध्यक्ष आदर्श उपाध्यायले पत्रकारिता जटिल पेशा भएको बताए। सङ्गम खबरका दिनेश यादवको अध्यक्षतामा भएको कार्यक्रममा सहसचिव सजय सहनी, सन्तोष पौडेल, चञ्चल झाले शुभकामना व्यक्त गरेका थिए।


## डेङ्गीका लक्षणहरू:

- एक्कासि ज्वरो आउनु,
- ५-७ दिनसम्म ज्वरो रहनु,
- बेस्सरी टाउको दुख्नु,
- आँखाको गेडी दुख्नु,
- हाडजोर्नी, मांसपेशी र ढाड दुख्नु,
- शरीरमा बिमिरा आउनु,
- रिङ्गटा लाग्नु,
- वाकवाकी लाग्नु, बान्ता हुनु,

यस्ता लक्षणहरू देखिएमा तत्काल स्वास्थ्यकर्मीहरूसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## वनशक्ति युवा क्लब सिद्धपुर विजयी

प्रस, बिरुवागुठी, २० असोज/

पर्सागढी नगरपालिका-१ मा जारी नवौं खसियाही गढीमाई गोल्डकप प्रतियोगिता अन्तर्गत आइतवार दोस्रो दिनको खेलमा वनशक्ति युवा क्लब सिद्धपुर विजयी भएको छ।

खसियाही गढीमाई युवा समितिद्वारा आयोजित नवौं खसियाही गढीमाई गोल्डकप फूटबल प्रतियोगिताको आज दोस्रो दिनको खेलमा वनशक्ति युवा क्लब सिद्धपुरले वीरगंज ब्वाइज क्लबलाई शून्यका विरुद्ध तीन गोलअन्तरले पराजित गरेको हो।

सिद्धपुरका तर्फबाट रोहित चौधरीले एक र राहुल चौधरीले दुई गोल गरेका थिए।

भोलिको खेल आर्य फर्मा प्राइभेट लिमिटेड र पर्सागढी युथ क्लब, बडनिहारबीच हुने खसियाही गढीमाई युवा समितिका अध्यक्ष मदनप्रसाद पटेलले बताए।

## एनपिएल अक्सन : अनिल जनकपुरमा अनुबन्ध

काठमाडौं, २० असोज/रासस

पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटको अक्सनमा विकेट किपर एवं ब्याटर अनिलकुमार साहलाई रु १५ लाखमा जनकपुर बोल्ट्सले पाएको छ।

नेपाल क्रिकेट सङ्घ (क्यान)द्वारा आइतवार आयोजित अक्सनमा अनिलले न्यूनतम रु १० लाख राखेका थिए। उनलाई किन्न अक्सनमा सबै आठ टोलीले प्रतिस्पर्धा गरेका थिए। जसमा अनिललाई 'लक्की ड्र'मार्फत जनकपुरले पाएको हो।

आठ टोलीले नै मूल्य लगाउने अनिल एक्लो खेलाडी हुन्। जनकपुरमा आसिफ शेख मार्की खेलाडीका रूपमा रहेका छन्।




यसैगरी, बायाँ हाते स्पिनर सागर ढकाल रु १५ लाखमा पोखरा एभेन्जर्समा अनुबन्ध भएका छन्। 'ग्रेड ए'मा नाम राखेका उनलाई किन्न चितवन, सुदूरपश्चिम, पोखरा र कर्णालीले प्रतिस्पर्धा गरेका थिए। जसमा 'लक्की ड्र'मार्फत पोखराले पाएको हो।

तीव्र गतिका बलर प्रतीश जिसीलाई रु १५ लाखमा विराटनगरले अनुबन्ध गरेको छ। 'ग्रेड ए'मा रहेका उनलाई अक्सनमा काठमाडौं, सुदूरपश्चिम र विराटनगरबीच प्रतिस्पर्धा भएको थियो। उनलाई 'लक्की ड्र'मार्फत विराटनगरले पाएको हो।

त्यस्तै, लोकेश बमलाई विराटनगरले रु १५ लाखमा अनुबन्ध गरेको छ। विस्फोटक ब्याटरका रूपमा परिचित उनलाई किन्न जनकपुरबाहेक सुदूरपश्चिम, काठमाडौं, लुम्बिनी, विराटनगर, पोखरा, चितवन र कर्णालीले प्रतिस्पर्धा गरेका थिए।

मध्यक्रमका ब्याटर आरिफ शेख सुदूरपश्चिम रोयल्समा अनुबन्ध भएका छन्। उनलाई रु १५ लाखमा सुदूरपश्चिमले किनेको हो। आरिफले न्यूनतम मूल्य रु १० लाख राखेका थिए। अक्सनमा उनलाई अनुबन्ध गर्न कर्णाली, सुदूरपश्चिम र काठमाडौंबीच प्रतिस्पर्धा भएको थियो। तीन टोलीबीचको प्रतिस्पर्धामा उच्चतम मूल्य रु १५ लाखमा सुदूरपश्चिमले अनुबन्ध गरेका हो।

यसैगरी, रिजन ढकाल रु १० लाखमा चितवन राइनोजमा आबद्ध भएका छन्। 'ए ग्रेड'मा रहेका उनले न्यूनतम रु १० लाख पाएका छन्। त्यस्तै, अलराउन्डर दीपेश कँडेललाई काठमाडौंले रु पाँच लाख तिरेर अनुबन्ध गरेको छ। अक्सनमा कँडेलले न्यूनतम मूल्य पाँच लाख राखेका थिए। यसैगरी, अलराउन्डर नारायण जोशी रु १० लाखमा पोखरा एभेन्जर्समा अनुबन्ध भएका छन्।

युवा ब्याटर ऋत गौतम रु पाँच लाखमा नै बिक्री भएका छन्। न्यूनतम मूल्य पाँच लाख राखेका उनलाई कर्णालीले मात्रै मूल्य लगाएको थियो।

आगामी नोभेम्बर ३० देखि डिसेम्बर २१ तारिखसम्म कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा हुने उक्त प्रतियोगताको अक्सनमा करीब डेढ सयभन्दा बढी खेलाडी सहभागी रहेको क्यानले जनाएको छ। अक्सनमा ग्रेड 'ए' न्यूनतम रु १० लाख र उच्चतम रु १५ लाख राखिएको छ भने ग्रेड 'बी'मा न्यूनतम रु पाँच लाख र उच्चतम १० लाख छ। त्यस्तै, ग्रेड 'सी'मा न्यूनतम रु दुई लाख र उच्चतम पाँच लाख तोकिएको छ।

# वीरगंजमा प्रदेशस्तरीय स्टार्टअप सम्मेलन हुने

प्रस, परवानीपुर, २० असोज/

वीरगंजमा प्रदेशस्तरीय स्टार्टअप तथा आन्ट्राप्रेनर्स सम्मेलन आयोजना हुने भएको छ। आगामी कात्तिक २४ गते वीरगंजमा हुने एक दिवसीय सम्मेलनको बारेमा आइतवार वीरगंजमा पत्रकार सम्मेलन गर्दै आयोजकले जानकारी गराएको छ।

नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशको स्टार्टअप समितिको आयोजनामा हुने यो सम्मेलनमा करीब साढे तीन सय नवउद्यमीको भेला हुने बताइएको थियो।

पत्रकार सम्मेलनमा नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका अध्यक्ष अशोक टेमानीले यो सम्मेलनमा नेपाल र भारतका विभिन्न प्रेरक वक्ताहरूको समेत सहभागिता रहने भएकोले विश्वव्यापी मान्यता अनुसार स्टार्टअप भनेको के हो, मधेसमा यसको जग कसरी बसाल्न सकिन्छ र नयाँ सोच भएका युवालाई सरकारबाट पाउने कर्जा अनुदानको लागि तयार गर्नेलगायतका विषयमा सम्मेलन केन्द्रित हुने बताए।

नेपाल सरकारले चालू आवमा स्टार्टअप व्यवसायको लागि एक अर्ब बजेट विनियोजन गरेको छ। तर यसको




प्रक्रियाबारे युवाहरूलाई थाहा नहुँदा सो बजेट खेर गइरहेको अध्यक्ष टेमानीले जिकिर गरे।

सम्मेलन आयोजक समितिका संयोजक अनुप अग्रवालले अहिलेको समय भनेको नवप्रवर्तन, नवीन सोच र शैलीमा आधारित स्टार्टअपको नै भएकोले यस विषयमा मधेसका युवासमेत गम्भीर हुनुपर्नेमा जोड दिए।

आज कक्षा १२ को अध्ययनपछि विदेश जाने चलन बढ्दो छ, ५-१० वर्षपछि नेपालमा वृद्धवृद्धाको मात्र बसोबास हुने जस्तो अनुमान छ, नेपाली युवालाई स्टार्टअपको सहाराले रोकेर उद्यम-व्यवसायतर्फ डोऱ्याइयो भने वैदेशिक रोजगारमा जाने युवाको सङ्ख्यालाई कम गरी आफ्नै देशमा केही नयाँ गर्ने वातावरण बन्न सक्ने भएकोले सम्मेलनको आयोजना भइरहेको उनले बताए।

सम्मेलनमा गूगल भारतका स्टार्टअप प्रमुख अपूर्वा चमरियाबाट विश्व अर्थतन्त्रमा स्टार्टअपको महत्त्वबारेमा जानकारीमूलक मुख्य सेसन रहनेछ।

सम्मेलनमा उद्यमका क्षेत्रमा विगत दुई वर्षदेखि अध्येताको रूपमा रहेकी जुना माथेमा, भारतका अर्का वक्ता डा सार्थक बक्सी, नेपाल उद्योग वाणिज्य महासङ्घ लगानी तथा परराष्ट्र मामिला मञ्चका अध्यक्ष एवं युवा उद्यमी मनोज पौडेल, प्रशिक्षक सुमन शाक्यलगायतका वक्ताहरूको अनुभव साझा गरिनेछ।

पत्रकार सम्मेलनमा वीरगंज उद्योग वाणिज्य सङ्घ वीरगंजका वरिष्ठ उपाध्यक्ष हरि गौतम, कार्यक्रमका सहसंयोजक वासुदेवलाल कर्णलगायतको सहभागिता थियो।